का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ भदौ २०८२
मंगलबार
19 August 2025
Tuesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक १९८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# उपेन्द्रलाई झस्काउने सर्वोच्च आदेश



भूमिसम्बन्धी विधेयकमा असन्तुष्टि जनाएर सरकारलाई दिएको समर्थन फिर्ता लिएको केही समयमै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव झस्किने गरी सर्वोच्च अदालतबाट गौर हत्या काण्डको विषयमा आदेश भएको छ । यसलाई संयोग मात्रै मान्नुपर्ने सरोकारवाला बताउँछन् ।

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २ भदौ

गौर हत्याकाण्डको फाइल फेरि खुल्ने भएको छ। सर्वोच्च अदालतले गौर हत्याकाण्डको छानबिन गर्न सरकारका



*विरोधमा टायर बालेर प्रदर्शन (बायाँ) र दीपावली गरेर समर्थन (दायाँ)*

नाममा परमादेश जारी गरेको छ । यससँगै ७ चैत २०६३ सालमा २७ जनाको मृत्यु हुनेगरी रौतहटको गौरमा भएको हत्याकाण्डको फाइल फेरि खुल्ने भएको हो । लामो समयदेखि अनुसन्धानसमेत हुन नसकिरहेको यो विषय पुनः अगाडि बढ्नेगरी सर्वोच्च अदालतले आदेश जारी गरेपछि यसमा संलग्न रहेको आरोप लागेकाहरू झस्किएका छन् । भूमिसम्बन्धी केही नेपाल पृष्ठ २ मा

## पक्ष र विपक्षमा प्रदर्शन



हामी शान्तिमा विश्वास राख्ने राजनीतिक व्यक्ति हौं । अधिकार पहिचानको लडाइँ चलिरहन्छ ।

**● अनिल सिंह**
नेता, लोसपा नेपाल



सर्वोच्च अदालतले गौर हत्याकाण्डको मुद्दा अगाडि बढाउन गरेको आदेश ठिक छ ।

**● प्रभु साह**
अध्यक्ष, आजपा



अदालतले पत्र पठाएपछि त्यसको अध्ययन गरेर आवश्यक प्रक्रिया थालिन्छ ।

**● नेत्रमणि गिरि**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय गौर

*गौर हत्याकाण्डका फाइल खोल्न अदालतले आदेश दिएलगत्तै रौतहटसहित मधेशका विभिन्न क्षेत्रमा पक्ष र विपक्षमा विरोध प्रदर्शन भएका छन् ।*

*सोमबार साँझ जसपाका कार्यकर्ताहरूले गौरको मधेशी क्रान्ति चोकमा टायर बालेर विरोध गरे । नेताहरूले राजनीतिबाट प्रेरित रहेर विषय अगाडि बढेको भनेर खबरदारी गरे ।*

*लोसपा नेपालका नेता अनिल* पृष्ठ २ मा

साक्षर समाज-सक्षम राष्ट्र ।
शिक्षाः
- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# भुइँ तहमा विद्याको दौड

एमालेमा अध्यक्ष केपी शर्मा ओलीसँग देखिने गरी प्रतिस्पर्धामा उत्रिएकी विद्या भण्डारी शक्ति आर्जनका निम्ति पार्टी संरचना र त्यसभन्दा बाहिर समेत कार्यक्रम राखेर देश दौडाहमा निस्किएकी हुन् ।



> मेरो ४५ वर्ष लामो एमालेसँगको आबद्धता कसैले व्यक्तिगत आवेग वा लहडका भरमा खोस्न सक्दैन, संगठित सदस्यको हैसियतले काम गरिरहेको छु
>
> **विद्या भण्डारी**
> **पूर्वउपाध्यक्ष**
> **नेकपा एमाले**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ भदौ

नेकपा एमालेकी पूर्वउपाध्यक्ष एवं पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई काउन्टर दिनेगरी सक्रियता बढाएकी छन् । सोमबार कोशी प्रदेशको राजधानी विराटनगर पुगेकी उनले एमालेसँग आफ्नो ४५ वर्ष लामो राजनीतिक यात्राको स्मरण गराउँदै एमालेकै नीति-कार्यक्रमअनुसार अघि बढ्ने दाबी गरेकी हुन् ।

तर एमाले पार्टीले भण्डारीको संगठित सदस्यता स्थगत गर्ने निर्णय गरिसकेको छ । एमालेको साउन ५-६ मा बसेको नवौं केन्द्रीय कमिटी बैठकले भण्डारीलाई सदस्यता नवीकरण नगरेर पार्टीमा आउन निषेध गरेको उनीनिकटका नेताहरूले असन्तुष्टि जनाउँदै आएका छन् । उनको सदस्यतासमेत खारेज गरेर अध्यक्ष ओलीले पार्टीका कुनै पनि गतिविधिमा सहभागी हुन नदिन केन्द्र, प्रदेश तथा जिल्लास्तरका नेता कार्यकर्तालाई कडा निर्देशन नै दिएका थिए ।

एक वर्षअघि नै पार्टी सदस्यता नवीकरण गरे पनि आगामी पार्टी नेतृत्वको सोच बनाएर राजनीतिक यात्रालाई थप सक्रिय बनाउने घोषणा गरेपछि एमालेले उनको सदस्यतामै रोक लगाएर अपमान गरेको भन्दै भण्डारीनिकट नेता विनोद ढकालले बताए । प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष केपी ओलीको योजना र निर्देशनअनुसार नवीकरण गरिएको सदस्यतासमेत स्थगन गरिएको ढकालको पृष्ठ २ मा



> पार्टी बैठकबाटै उहाँको सदस्यता स्थगन गरेकाले यो विषयलाई उचालिरहनु आवश्यक छैन । पार्टीले सेनाको परमाधिपतिको सम्मान दिएको व्यक्तिले फेरि पार्टी सदस्यताका नाममा राजनीतिक गतिविधि गर्नु उचित हुँदैन
>
> **राजेन्द्र गौतम**
> **प्रचार विभाग प्रमुख**
> **नेकपा एमाले**

## ‘कुलिङ अफ पिरियड’ गडबढी

# नैतिक घेरामा मुख्यसचिव

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ साउन



निजामती सेवा विधेयकको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित विशेष समिति’को प्रतिवेदन कार्यान्वयनका लागि १८ निकायमा पठाइएको छ । सभामुख देवराज घिमिरेको निर्देशनअनुसार सो प्रतिवेदन राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलहरू, प्रधानमन्त्री र सम्बन्धित मन्त्रालयमा पठाइएको छ । यससँगै मुख्यसचिव एकनारायण अर्यालसहित कुलिङ अफ पिरियडमा नाम जोडिएका सरकारी अधिकारीहरू नैतिक घेरामा परेका हुन् ।

सो प्रतिवेदन सभामुख घिमिरेले कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउन दिएका थिए । शुक्रबार सभामुखले दिएको निर्देशनअनुरूप संघीय संसद् सचिवालयका सचिव हर्कराज राईले सबै निकायमा कार्यन्वयनका लागि प्रतिवेदन पठाएको जानकारी दिए । राईले भने, ‘निजामती सेवा विधेयकको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित विशेष समिति’को प्रतिवेदन कार्यान्वयनका लागि आइतबार नै १८ निकायमा पठाइएको हो ।’

प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने १४ राजनीतिक दलका संसदीय दलको कार्यालय र अन्य चार सरकारी निकायमा राईले कार्यान्वयनका लागि पठाएका हुन् । संघीय संसद् सचिवालयका अनुसार नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र । राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, जनमत पार्टी, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा र आमजनमत पार्टीको संसदीय दलको कार्यालयमा छानबिन प्रतिवेदन कार्यान्वयनका लागि पठाइएको छ ।

त्यसबाहेक ‘कुलिङ अफ पिरियड’बारे विवादमा मुछिएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संघीय संसद् सचिवालयमा कार्यान्वयनका लागि पठाइएको छ । कांग्रेस सांसद जीवन परियार नेतृत्वको संसदीय छानबिन विशेष समितिले नैतिक जिम्मेवार ठहऱ्याएका राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले सभापति पदबाट राजीनामा दिइसकेका छन् । राज्य व्यवस्था तथा सुशासन समितिका सचिव सुरजकुमार दुरालाई समिति सचिवबाट सरुवा गरिएको छ ।

संसदीय छानबिनले परोक्ष रूपमा मुख्यसचिव एकनारायण अर्याल, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सचिव उदयराज सापकोटा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव फणीन्द्र गौतमलगायतको ‘कुलिङ अफ पिरियड’ गडबडीमा भूमिका देखिएको औंल्याएको छ । तर उनीहरूलाई के कारबाही हुने भन्ने स्पष्ट लेखिएको छैन । ‘कुलिङ अफ पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# साउनमा ६८ हजारले रोजगारीका लागि छाडे देश

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ भदौ

चालु आर्थिक वर्षको पहिलो महिना साउनमा ६८ हजारभन्दा बढी कामदारले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । साउनमा म्यानपावर कम्पनी, व्यक्तिगत नयाँ र पुनः श्रम स्वीकृतिमार्फत ६८ हजार १ सय १० जना वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा पुरुष कामदारको संख्या ५८ हजार ९ सय ४८ र महिला कामदारको संख्या ९ हजार १ सय ६२ रहेको छ ।

साउनमा म्यानपावर कम्पनीमार्फत ३१ हजार ८ सय ३० जना वैदेशिक रोजगारीमा गएकोमा पुरुष कामदारको संख्या २९ हजार १ सय ३० र महिला कामदारको संख्या २ हजार ७ सय रहेको छ । व्यक्तिगत नयाँ श्रम स्वीकृतिमार्फत ११ हजार ७ सय ७२ जना गएकोमा पुरुषको संख्या ८ हजार ५ सय ४७ र महिलाको संख्या ३ हजार २ सय २५ रहेको छ । रिइन्ट्रीमार्फत २३ हजार ६ सय ४४ जना गएकोमा पुरुषको संख्या २० हजार ५ सय ४७ र महिलाको संख्या ३ हजार ९७ रहेको छ ।

साउनमा सरकारले पठाउने इपिएस कोरिया, इजरायल र बेलायतमा ८ सय ६४ जना गएका छन् । साउन महिनामा ५ सय ८० उजुरीमा ३५ करोड ३ लाख ८३ हजार बिगो दाबी रहेको वैदेशिक रोजगार विभागले जनाएको छ । साउनमा ९ वटा नयाँ इजाजतपत्र जारी भएको छ भने २ सय ८३ वटा इजाजतपत्र नवीकरण भएको छ । १ सय ४८ वटा म्यानपावर कम्पनी, ९५ वटा अभिमुखीकरण तालिम संस्थामा अनुगमन गरिएको विभागले बताएको छ ।

त्यस्तै साउनमा १० वटा नयाँ म्यानपावर कम्पनी दर्ता भएका छन् भने एउटा खारेजीमा गएको तथा तीन वटाले सेयर बेचेको विभागले जनाएको छ । साउनमा १०२ शाखा कार्यालय नवीकरण भएका छन् ।

## कुवेतमा विषाक्त मदिराबाट ज्यान गुमाउने नेपालीको संख्या १६ पुग्यो

**काठमाडौं/मस-** मिथानोल नामक अति प्रज्वलनशील पदार्थ मिश्रित मदिरा सेवनका कारण कुवेतमा २३ जनाको ज्यान गएको छ ।

विषाक्त मदिरा सेवनका कारण बिरामी परेकाहरूको १ सय ६० भन्दा बढी स्थानीय अस्पतालमा उपचार जारी रहेको र उनीहरूमध्ये केहिको अवस्था निकै नै नाजुक रहेको जानकारी प्राप्त भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) कुवेतले जनाएको छ । मृत्यु हुनेहरूमा १६ जना नेपाली श्रमिक रहेको पुष्टि भएको संघको भनाइ छ ।

वैदेशिक रोजगारको मुख्य गन्तय मुलुक कुवेतमा मदिरा, लागुऔषध उत्पादन बिक्रि वितरण र ओसारपोसार गर्न पूर्ण बन्देज गरिएको अवस्थामा पनि ठुलो संख्यामा मानवीय क्षति व्यहोर्नु दुःखद् अवस्था भएको संघको भनाइ छ । प्राणघातक र जोखिमपूर्ण खाद्य तथा पेय पदार्थ सेवन नगर्न र कुवेतको कानुनले बन्देज गरेका पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
One of the Reputed Recruitment Agency is seeking for following Applicants.
Public Relation Officer (PRO) : 3 (M/F)
Receptionist : 2 (Female)
Requirements:
★ Qualification: +2 Passed & Basic computer knowledge
★ Experienced in the related fields.
Salary Negotiable
Drop your CV at apollomanpower2017@gmail.com
APOLLO MANPOWER SERVICES PVT. LTD.
Lic No: 22/048/049
Pinglasthan-09, Gaushala, Kathmandu, Tel.: 01-5901748, 5901370

# डिजिटल नेपाल फ्रेमवर्कको विस्तार र नेपाल टेलिकमको प्रगतिबारे प्रधानमन्त्रीलाई ब्रिफिङ

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले डिजिटल नेपाल फ्रेमवर्क, २०७६ लाई समयसापेक्ष विस्तार र नेपाल टेलिकमको कार्य प्रगतिबारे संक्षिप्त जानकारी लिएका छन् ।

सञ्चार तथा सूचना प्रविधिको उपयोग गरेर सुशासन, विकास र समृद्धिको गतिलाई तीव्रता दिनुपर्नेमा जोड दिँदै आएका प्रधानमन्त्री ओलीले सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ, सचिव राधिका अर्याल, नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक सविना मास्के प्रधानसहितसँग ब्रिफिङ लिएका हुन् ।

नेपाल सरकारबाट हालै राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति, २०८२ स्वीकृत भएको सन्दर्भमा



डिजिटल नेपाल फ्रेमवर्कलाई थप विस्तार र समयसापेक्ष परिमार्जनका लागि मन्त्रालयले गृहकार्य सुरु गरेको बारे प्रधानमन्त्री ओलीलाई जानकारी गराइएको छ। प्रस्तावित डिजिटल नेपाल फ्रेमवर्क २.० (फास्ट) ढाँचामा तयार गरिएको छ । उक्त प्रस्तावमा डिजिटल इकोसिस्टमको पूर्वाधार, पहुँच, क्षमता विकास र रुपान्तरणको अवधारणा समावेश गरिएको छ ।

प्रस्तावित नयाँ ढाँचामा यसअघि समाविष्ट कृषि, शिक्षा, स्वास्थ्य, शिक्षा, पर्यटन, वित्त, सुशासनका साथै अहिले सामाजिक सुरक्षा, विपद् र जलवायु परिवर्तनका क्षेत्र थप गरिएको छ । यसको कार्यान्वयनका क्रममा डिजिटल नेपालको प्राथमिकता निर्धारण, अनुगमन र प्रतिवेदनका लागि सञ्चारमन्त्रीको अध्यक्षतामा डिजिटल रुपान्तरण परिषद् प्रस्ताव गरिएको छ। उक्त नयाँ फ्रेमवर्क मन्त्रिपरिषद्बाट स्वीकृतिपछि कार्यान्वयनमा आउनेछ । प्रधानमन्त्री ओलीको विगतको कार्यकालमा सुशासन, विकास, समृद्धिका लागि डिजिटल नेपालको दूरदृष्टिसहित डिजिटल नेपाल फ्रेमवर्क, २०७६ स्वीकृत गरिएको थियो ।

# विपिनको रिहाइका लागि अधिकतम कूटनीतिक पहल गरिरहेका छौं : परराष्ट्रमन्त्री

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले हमास समूहको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइका लागि सरकारले अधिकतम कूटनीतिक पहल जारी राखेको बताएकी छन् ।

परराष्ट्रमन्त्रीमा नियुक्त भएपछि आफूले सरकारका तर्फबाट यो मुद्दालाई प्राथमिकतामा राखेर काम सुरु गरेको उनले बताएकी छन् । 'यो एक वर्ष म उपस्थित भएका राष्ट्रसंघीय महासभादेखि अन्तरराष्ट्रिय मञ्च, विभिन्न द्विपक्षीय तथा बहुपक्षीय बैठक तथा भेटवार्तामा सबैसँग विपिनको रिहाइका लागि विशेष आग्रह गरेकी छु । निरन्तर यो प्रयास भइरहेको छ', मन्त्री डा.राणाले उल्लेख गरेकी छन् ।

यसैगरी गत असोजमा दोहामा आयोजित 'एसियन कोअपरेसन डाइलग' (एसिडी) सम्मेलनमा सम्बोधन र त्यसपछिका साइडलाइन भेटहरूमा पनि उनले सो विषय उठाएकी थिइन् । इजरायल र हमासबीच युद्धविरामको तयारी भएपछि त्यसमा संलग्न र सम्बद्ध देशका विदेशमन्त्रीहरूसँग फोनमा र ती देशका नेपालस्थित राजदूतसँग भेटेरै डा राणाले विपिनको रिहाइका लागि सहयोग गर्न आग्रह गरेकी थिइन् ।

विपिनको रिहाइका लागि नेपाल सरकारले कूटनीतिक प्रयासलाई निरन्तर रूपमा जारी राखेको बताउँदै मन्त्री डा.राणाले इजरायल सरकार र हमासबीच युद्धविरामको गृहकार्य सुरु भएपछि तथा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हमासलाई बन्दीहरू रिहा गर्न दबाब दिएपछि आफ्नो कूटनीतिक पहललाई थप सक्रिय



बनाएको स्मरण गरेकी छन् ।

उनले गत माघमा कतारका विदेश राज्यमन्त्री डा मोहम्मद बिन अब्दुलाजिज अल-खुलाइफीसँग फोनवार्ता गरी पहिलो चरणमै विपिनको रिहाइका लागि आग्रह गरेकी थिइन् । खुलाइफी शान्तिवार्ताका प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता हुन् ।

यस्तै, इजरायलका विदेशमन्त्री गिडियन सारसँग पनि फोनवार्ता गरी मन्त्री डा राणाले सोही आग्रह गरेकी थिइन् । त्यस क्रममा उनले हमासले अपहरण मुक्त गर्न लागेका भनिएका व्यक्तिहरूको पहिलो चरणमा नै विपिनको रिहाइका लागि इजरायल सरकारले पहल गरिदियोस् भन्ने आग्रह गरेकी थिइन् ।

यसैगरी, इजिप्टका विदेशमन्त्री डा.बदर अब्देल-अति तथा इरानी विदेशमन्त्रीसँग फोनवार्ता गरी विपिनको रिहाइका लागि विशेष पहल गरिदिन नेपाल सरकारका तर्फबाट मन्त्री डा राणाले आग्रह गरेकी थिइन्। आफ्नो शल्यक्रियाका लागि बैंककमा रहँदा मन्त्री डा राणाले त्यहीबाट इजिप्टका विदेशमन्त्रीसँग पनि फोनवार्ता गरेकी थिइन् ।

उनले मध्यपूर्वको शान्तिका लागि पहल गरिरहेका टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान र इजिप्टका राष्ट्रपति अब्देल फत्ताह सइद हुसैन खालिलसँग पनि गत फागुनमा प्रधानमन्त्री केपी शर्मा ओलीले फोनमार्फत ध्यानाकर्षण गराएको जानकारी दिएकी छन् । मन्त्री डा राणाले नेपाल सरकारले यो मुद्दालाई प्राथमिकतामा राखेर हरसम्भव प्रयासमा जुटिरहेको बताउँदै विपिनको रिहाइमा लागिपरेको इजरायल सरकार, इजरायली नागरिक, त्यहाँ रहेका नेपाली एवं विश्व समुदायलाई विशेष धन्यवाद ज्ञापन गरेकी छन् ।

हमास समूहको नियन्त्रणमा रहेका विपिन जोशीको शीघ्र रिहाइको पहलमा परराष्ट्र मन्त्रालयले कुनै कसर बाँकी नराखी काम गरिरहेको र यो नेपाल सरकारको दायित्व भएकमो उनको भनाइ छ । हाल परराष्ट्र मन्त्रालयको परामर्शमा र इजरायल सरकारको सहयोगमा विपिनकी आमा र बहिनी इजरायल पुगेका भन्दै मन्त्री राणाले इजरायली राष्ट्रपतिसँग भेटगरी विपिनको रिहाइको अपिल गरेको जानकारी पनि गराएकी छन् ।

# 'नेपालका विशिष्ट महिला' शीर्षकको ऐतिहासिक फोटो प्रदर्शनी



**काठमाडौं/मस–**सांस्कृतिक संग्रहालय नेपालले 'महिलाको शक्तिलाई सम्झौं र सम्मान गरौं' भन्ने नारासहित आयोजना गरेको 'नेपालका विशिष्ट महिला' शीर्षकको ऐतिहासिक फोटो प्रदर्शनी सोमबारदेखि काठमाडौंको बबरमहलस्थित नेपाल कला परिषद्मा सुरु भएको छ। प्रदर्शनी भदौ ५ गतेसम्म सञ्चालन हुनेछ।

प्रदर्शनीले नेपालका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका महिलाको संघर्ष, सफलता र योगदानलाई स्मरण गराउने उद्देश्य राखेको छ । यस वर्षको प्रदर्शनीमा छिरिङ शेर्पा पनि 'विशिष्ट महिला'सूचीमा समावेश गरिएको छ। उनको फोटो प्रमुख स्थानमा प्रदर्शन गरिएको छ । सगरमाथा आरोहण मात्र नभइ' भूमिमा सबभन्दा उच्च स्थानमा कोरियोग्राफ गरिएको युगल नृत्य'प्रस्तुत गरी गिनिज वर्ल्ड रेकर्डमा नाम लेखाउने विश्वकै पहिलो महिला कलाकारको रूपमा छिरिङ शेर्पालाई दर्शक तथा सहभागीहरूले उच्च सम्मानसहित सराहना गरे ।

छिरिङ शेर्पा केवल साहसी आरोही र कलाकार मात्र होइनन्, उनले नेपाली चलचित्र क्षेत्रमा समेत सक्रिय भूमिका निभाउँदै आएकी छन् । उनले चलचित्रमा अभिनय गर्नुका साथै १०० भन्दा बढी संगीत भिडियोमा आफ्नो बहुप्रतिभा प्रस्तुत गरिसकेकी छिन् । यसले छिरिङ शेर्पालाई सांस्कृतिक तथा मनोरञ्जन क्षेत्रमा पनि विशिष्ट र प्रेरणादायी व्यक्तित्वको रूपमा स्थापित गरेको छ ।

प्रदर्शनीका प्रमुख अतिथि उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले छिरिङ शेर्पाको अदम्य साहस, कलात्मकता र निरन्तर परिश्रमको प्रशंसा गर्दै बधाई तथा शुभकामना दिए। उनले भने, 'यस्ता व्यक्तित्वहरूको योगदानले सम्पूर्ण समाजलाई अघि बढ्ने ऊर्जा दिन्छ ।

# राजनीतिक दल खोल्ने दुर्गा प्रसाईंको घोषणा



**काठमाडौं/मस–**मेडिकल व्यवसायी दुर्गा प्रसाईंले राजनीतिक दल खोल्ने घोषणा गरेका छन् । सोमबार भक्तपुरस्थित आफ्नै निवासमा पत्रकार सम्मेलन गर्दै प्रसाईंले राजनीतिक दल खोल्ने घोषणा गरेका हुन् ।

आफू राजनीतिक चेत बोकेको सफल व्यवसायी भएको बताउँदै उनले आफ्ना लागि अब परिवार र आफू भन्दा पनि नेपाल र नेपाली प्राथमिकतामा परेको बताए ।

राजनीतिले बिगारेको अवस्था सुधार्न आफू र अभियानका साथीहरूले दल खोल्ने अठोट गरेको उनको भनाइ छ । केही दिनमै दलको नाम घोषणा गर्ने प्रसाईंले बताए ।

गत चैत १५ गते भएको राजावादीको तीनकुने आन्दोलनमा संलग्न भएको आरोप लागेका उनले आफूलाई भौतिक रूपमा नै सिध्याउन खोजेको आरोप लगाए । सोहीकारण त्यस दिन आफू भागेको उनको तर्क थियो ।

# अर्घाखाँची अस्पतालमा २४सैं घण्टा विशेषज्ञ सेवा सुरु




**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ भदौ

अर्घाखाँची भूमिकास्थान नगरपालिका-९ ढिकुरा घर भएकी सपना भुसाल अहिले नियमित स्वास्थ्य परीक्षणका लागि अर्घाखाँची अस्पताल पुग्ने गर्छिन् । सोमबार उनी पाँचौं पटक अस्पतालको सेवा लिन पुगेकी थिइन् । बुटवल, पाल्पा र काठमाडौंका ठूला अस्पताल चहारिसकेकी उनलाई अहिले आफ्नै जिल्लाको सरकारी अस्पतालको सेवा निकै मन परेको छ । आधा घण्टाको यात्रापछि अस्पताल पुग्न सकिने, दुई घण्टामै सबै चेकजाँच गरेर घर फर्किन सकिने भएकाले उनले बारम्बार यहाँको सेवा लिइरहेको बताइन् ।

एक समय अर्घाखाँची जिल्ला अस्पतालमा समयमा औषधि नपाइने, डाक्टर उपलब्ध नहुने, सबै रोगको परीक्षण नहुने र सामान्य समस्या लाग्दा समेत बुटवल पुग्नुपर्ने बाध्यताले बिरामीहरू आकर्षित नभएकामा पछिल्लो तीन वर्षमा अवस्था उल्लेख्य रूपमा सुधार भएको छ। दक्ष जनशक्ति थप्दै सबै रोगको नियमित परीक्षण गर्न थालेपछि बिरामीको संख्यामा उल्लेखनीय वृद्धि भएको अस्पताल प्रमुख डा. जगन्नाथ तिवारीले बताए ।

शीतगंगा-५ की चन्द्रकला न्यौपाने भन्छिन्,'ठूला अस्पताल जाँदा दिनभर कुर्नुपर्छ, शुल्क महँगो हुन्छ र अनावश्यक परीक्षणको झन्झट पनि हुन्छ । अहिले अर्घाखाँची अस्पतालमै स्तरीय र नियमित परीक्षण हुने भएकाले धेरै सहज भएको छ ।'

सन्धिखर्कका कृष्णबहादुर अधिकारीले पनि ओपीडीदेखि ल्याब रिपोर्ट समयमै आउने भएकाले ढुक्क भएर उपचार गर्न सकिने बताए ।

हाल अर्घाखाँची अस्पतालमा नयाँ प्राविधिक सेवा थपिँदै गएको छ। विशेषज्ञ डाक्टरसहितका सबै विशेष सेवा सुरु गरिएको अस्पताल प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. तिवारीले जानकारी दिए । बिरामीको अवस्थालाई ध्यानमा राख्दै अस्पतालमा दैनिक रूपमा स्त्रीरोग विशेषज्ञ डा. सुजन शर्मा र हाडजोर्नी विशेषज्ञ डा.अनुपकुमार गुप्ताले नियमित चेकजाँचसहित शल्यक्रिया सेवा सुरु गरेपछि बिरामीको संख्यामा उल्लेखनीय वृद्धि भएको उनले बताए ।

जिल्ला अस्पतालमा मुटुको भिडियो एक्स-रे, इको, ईसीजी, रंगीन भिडियो एक्स-रे, आँखाको जाँच र चश्मा वितरण सेवा, साथै एमडिजिपी विशेषज्ञ डाक्टरमार्फत २४ घण्टा ओपीडी र आपतकालीन सेवा उपलब्ध भएको छ। मृगौला रोगीका लागि डायलासिस सेवा थप्ने, ल्याब तथा विशेषज्ञ सेवा अझै विस्तार गर्ने योजना रहेको पनि डा.तिवारीले जानकारी दिए।

२०४५ सालमा सन्धिखर्कमा १५ बेड क्षमतासहित स्थापना भएको अस्पताल अहिले ५० बेड क्षमतामा प्रस्तावित भए पनि हाल ६१ बेडमा सेवा दिइरहेको छ। अस्पतालका ल्याब टेक्निसियन प्रमुख राजकुमार बन्जाडेका अनुसार ११ औं तहका मेडिकल सुपरिटेन्डेन्ट डाक्टरको नेतृत्वमा ६६ जनाको स्वीकृत दरबन्दी भएपनि स्थायी, करार, छात्रवृत्ति र अन्य कार्यक्रममार्फत १०१ जना कर्मचारी रहने व्यवस्था छ। हाल २ जना अध्ययन विदामा रहेकाले ९९ जना कर्मचारी सेवा दिइरहेका छन् ।

अस्पतालमा व्यवस्थापन र संगठन सर्वे नभएको, भवन जीर्ण भएको, नयाँ भवन निर्माण ढिलो भएको, ब्लड बैंक नहुँदा निःशुल्क रक्तदान सेवा दिन नसकिएको, विशेषज्ञ चिकित्सक अभाव जस्ता चुनौतीका कारण अपेक्षित सेवा दिन कठिनाइ भए पनि दैनिक २००-३५० बिरामीलाई चेकजाँच र उपचार सेवा दिइँदै आएको छ।

अस्पतालले २४सैं घण्टा आकस्मिक सेवा, अन्तरंग, बहिरंग, रेडियोलोजी, प्रयोगशाला, फार्मेसी लगायतका सेवा निरन्तर सञ्चालन गरिरहेको छ ।

## उपेन्द्रलाई...

ऐन संशोधन विधेयकमा असन्तुष्टि जनाउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको केही समयमै सर्वोच्च अदालतबाट गौर हत्याकाण्डको विषयमा आदेश भएको छ । यसलाई संयोग मात्रै मान्नुपर्ने सरोकारवाला बताउँछन् ।

यो संयोगबारे शंका हुनुको कारण हो- यो हत्या काण्डमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवसमेत आरोपित रहेका छन् ।

हत्याकण्ड हुने दिन गौरस्थित राइस मिलमा यादव नेतृत्वको तत्कालीन मधेसी जनाधिकार फोरमले कार्यक्रम राखेको थियो । त्यही दिन तत्कालीन नेकपा माओवादीले पनि कार्यक्रम राखेको थियो । एउटै स्थानमा छुट्टाछुट्टै सभा गर्न लाग्दा दुई पक्षबीच झडप भएको थियो । त्यसक्रममा २७ जना माओवादी कार्यकर्ताको घटनास्थलमै र एक जनाको उपचारका क्रममा मृत्यु भएको हो । सो घटनामा परेर अन्य कैयौं घाइते भएका थिए । यति धेरै मानिसको ज्यान जानेगरी भएको हत्याकाण्डको विषयमा अनुसन्धान हुन नसकिरहेका बेला सर्वोच्च अदालतले छानबिन गर्न सरकारका नाममा परमादेश जारी गर्न आदेश जारी गरेको हो ।

सोमबार सर्वोच्चका न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको इजलासले गौर हत्याकाण्डको छानबिन गर्न जिल्ला प्रहरी कार्यालय रौतहट र सरकारको नाममा आदेश जारी गरेको हो ।

यस विषय लामो समयदेखि अनुसन्धानमा समेत अगाडि बढिरहेको थिए । यसैलाई आधार बनाएर त्रिभुवन साहले २०८० जेठ २१ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । सो रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले सोमबार परमादेश आदेश जारी गरेको हो । यससँगै अब सरकारसहित गौर प्रहरी र रौतहट जिल्ला वकिलको कार्यालयले अनुसन्धान र आरोपितविरुद्ध अनुसन्धान र अभियोजनअगाडि बढाउन सक्नेछन् ।

यसअघि राष्ट्रिय मानवअधिकार आयोगले समेत यो हत्याकाण्डको अनुसन्धान अगाडि बढाउन भनेको थियो । २०७९ पुस १९ सालमा आयोगले सरकारलाई २७ जनाको ज्यान जानेगरी भएको घटनाको अनुसन्धान अगाडि बढाउन निर्देशन नै दिएको थियो । यो पृष्ठभूमिमा सर्वोच्च अदालतले सोमबार अनुसन्धान अगाडि बढाउन आदेश दिएको हो ।

जसपा नेपालका नेता-कार्यकर्ताले अदालतको आदेशको विरोध गर्न थालेका छन् ।

## पक्ष...

सिंह अदालतको आदेश सुनियोजित रहेको आरोप लगाउँछन् । 'हामी गजेन्द्रनारायण सिंहको स्कुलिङबाट आएको शान्तिमा विश्वास राख्ने राजनीतिक व्यक्ति हौं । अधिकार पहिचानको लडाइँ चलिरहन्छ,' उनले भनेका छन् ।

अर्का नेता बबन सिंह नेपाललाई अस्थिर गराउन र द्वन्द बढाउन देशीविदेशीहरूले दुस्साहस गरिरहेको बताउँछन् ।

जसपा नेपालका नेता योगेन्द्र यादव मधेशलाई पुनः द्वन्द्वमा धकेल्ने प्रयास भएको बताउँछन् । मधेशवादी शक्तिलाई कमजोर बनाउने प्रयास भएको उनको आरोप छ ।

जिल्ला प्रहरी कार्यालय गौरका प्रहरी उपरीक्षक नेत्रमणि गिरि 'सञ्चार माध्यमहरूबाट खबर पाएको' बताउँछन् । उनको जवाफ छ, 'अदालतले पत्र पठाएपछि त्यसको अध्ययन गरेर आवश्यक प्रक्रिया थालिन्छ ।'

आमजनता पार्टी आजपाका अध्यक्ष प्रभु साह भने, 'सर्वोच्च अदालतले गौर हत्याकाण्डको मुद्दा अगाडि बढाउन गरेको आदेशबाट न्यायको जित भएको' प्रतिक्रिया दिन्छन् ।

तत्कालीन माओवादी नेता तथा हाल आम जनता पार्टीका नेता अमर साह पनि 'सर्वोच्चको निर्णयले पीडितले न्याय पाउने वातावरण बनेको' बताउँछन् ।

## भुइँ...

भनाइ छ। तर भण्डारीले पार्टीको निर्णयलाई आधिकारिक नमानेको दाबी गरेकी छन् । आफूलाई सदस्यता नदिने भन्ने पार्टीको आधिकारी निर्णयबारे थाहा नभएको भन्दै आफू अहिले पनि एमालेकै कार्यर्ता भएकाले एमाले हितमा अभियान चलाउने दाबी गरिन । 'एमालेले आफूलाई स्वीकार नगरे पनि आफू एमाले नै हुँ,' उनले भनिन् 'मैले राष्ट्रपतिको पदावधि सक्किएपछि पार्टीको सदस्यता नवीकरण गरेको हो । अहिले एउटा संगठित सदस्यको हैसियतले काम गरिरहेको छु ।'

यता पार्टीका अधिकांश पदाधिकारी र केन्द्रीय सदस्य ओलीकै पक्षमा खुलेर लागेका छन्। उनीहरूले पूर्वराष्ट्रपति भण्डारीको राजनीतिक सक्रियताप्रति कटाक्ष गर्दै आएका छन् । पार्टीको पोलिटब्युरो र केन्द्रीय कमिटीको बैठकबाट भण्डारीको पार्टी सदस्यता नवीकरण नगर्ने निर्णय भएकाले फेरि सदस्यता कायमै छ भनेर हिँड्नुको औचित्य नरहेको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । 'पार्टी बैठकबाटै सर्वसहमतिले गरेको उहाँको सदस्यता स्थगन गर्ने विषयलाई उचालिरहनु आवश्यक छैन,' उनले भने, 'पार्टीले सेनाको परामाधिपतिको सम्मान दिएको व्यक्ति फेरि पार्टी सदस्यताका नाममा राजनीतिक गतिविधि गर्नु उचित हुँदैन । पूर्वराष्ट्रपति भण्डारी अहिले एमालेको सदस्य हुनुहुन्न ।'

विराटनगरस्थित उद्घोष दैनिकको वार्षिकोत्सवमा सहभागी हुन सोमबार विराटनगर पुगेकी भण्डारीले भने ४५ वर्ष लामो एमालेसँगको आबद्धता स्मरण गराउँदै आफ्नो सदस्यता सजिलै खोस्न नसक्ने दृढता व्यक्त गरिन् । 'एमाले नै भएर राष्ट्रपतिमा निर्वाचित भएकाले अहिले पनि एमालेकै कार्यकर्ता रहिरहेको छु। मेरो ४५ वर्ष लामो एमालेसँगको आबद्धता कसैले व्यक्तिगत आवेग वा लहडका भरमा खोस्न सक्छ भन्ने मलाई लागेकै छैन।' भण्डारीले यसअघि नै बानेश्वरस्थित मदन भण्डारी फाउन्डेसनको कार्यालयलाई आफ्नो सम्पर्क कार्यालय बनाएर पार्टीका गतिविधि अघि बढाउन थालेकी छन् । २०४८ सालमा मदन भण्डारीले काठमाडौंबाट चुनाव लड्दा सम्पर्क कार्यालय राखेकै घरमा अहिले विद्याले राजनीतिक सम्पर्क कार्यालय स्थापना गरेर देशव्यापी राजनीतिक अभियान थालेको उनीनिकट नेताहरूले बताएका छन् ।

प्रधानमन्त्री तथा पार्टी अध्यक्ष ओलीले भण्डारीलाई पार्टीका कुनै राजनीतिक कार्यक्रममा जान रोक्ने आदेश दिए पनि विराटनगरमा एमाले नेता कार्यकर्ताले उनलाई स्वागत गरेपछि पार्टीभित्र उनको राजनीतिक ओज थप बढ्दै गएको संकेत देखिएको छ । पार्टी नेतृत्वको निर्देशनविपरीत भण्डारीलाई स्वागत गर्न कोशी प्रदेशका मन्त्री र नेकपा एमालेका नेताहरू विराटनर विमानस्थलमा लाइन लागेका थिए । उनको स्वागतमा कोशी प्रदेशकी राज्यमन्त्री सिर्जना, एमाले नेता विनोद ढकाल, एमाले मोरङ जिल्ला सचिव सोमराज थापासमेत भण्डारीको स्वागतका लागि 'बुके' बोकेर विमानस्थलमा पुगेका थिए । पार्टी नेतृत्वको निर्देशनविपरीत सयौं नेता कार्यकर्ता भण्डारीको स्वागतका लागि विमानस्थल पुग्दा उनले पार्टीभित्र आफ्नो आवश्यकता ठानेको महसुस गरेकी छन् ।

भण्डारीको पछिल्लो राजनीतिक सक्रियतालाई एमालेले मन पराएको छैन । विगत ६ महिनाअघिसम्म अध्यक्ष ओलीको सबैभन्दा विश्वास पात्रका रूपमा रहेकी भण्डारीले एकाएक मूलधारको राजनीतिमा आएर भविष्यमा पार्टी नेतृत्वको दाबी गर्न थालेपछि ओली रुष्ट बनेका थिए । त्यसपछि ओलीले भण्डारीलाई पार्टीको जरोबाटै उखेल्नेगरी सदस्यता नदिने कदमलाई बैठकबाटै पारित गराएका हुन् ।

## नैतिक...

पिरियड' गडबडीमा कसलाई के कारबाही हुने वा कसले के जिम्मेवारी लिने भन्ने स्पष्ट नभएपछि यसको कार्यान्वयन कसरी हुन्छ भन्ने अन्योता कायमै छ ।

यद्यपि, सरकारले चाहेको खण्डमा यसैका आधरमा टेकेर सरकारी कर्मचारीलाई निजामती ऐनअन्तर्गत गर्नुपर्ने विभागीय कारबाही हुनेछ। तर प्रधानमन्त्री र मुख्यसचिव नै कुलिङ अफ पिरियड'को विपक्षमा रहेकाले कारबाहीको विषय गौण रहेको कतिपय सरकारी कर्मचारी र सांसहरूले नै बताउँदै आएका छन् । राजनीतिक र नैतिक जिम्मेवारी लिएका राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले राजीनामा दिएपछि यस प्रकरणमा जोडिएका मुख्य सचिवसहित सरकारी तहका जिम्मेवार व्यक्तिलाई पनि कारबाही भए मात्रै प्रतिवेदन कार्यान्वयन हुने उनीहरूको दाबी छ ।

## कुवेतमा...

कुनै पनि मदिरा, लागुऔषध उत्पादन बिक्री वितरण तथा ओसारपसार नगर्न-नगराउन कुवेतवासी नेपालीलाई आग्रह गरिएको एनआरएनए कुवेतका प्रवक्ता हर्क मोक्तानद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# विद्यालय शिक्षा विधेयक ५ भदौमा पास गर्ने तयारी



**काठमाडौं/मस–** विद्यालय शिक्षा विधेयकको प्रतिवेदन अध्ययनका शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिका सदस्यहरुलाई दुई दिनको समय दिइएको छ ।

समितिको सोमबारको बैठकमा विद्यालय शिक्षा विधेयकसम्बन्धी उपसमितिको प्रतिवेदन समिति सदस्यहरुलाई वितरण गर्दै दुई दिन अध्ययनको लागि समय दिइएको हो ।

विधेयकमा यसअघि १६३ दफा रहेकोमा अब १७४ वटा दफा भएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गरिब तथा विपन्न विद्यार्थीलाई २.५ प्रतिशत आवास सुविधा दिने प्रस्ताव गरेको छ । सांसदहरुले अनिवार्य शिक्षा ऐनमा व्यवस्था भएनअनुरुप कम्तिमा पनि दश प्रतिशत छात्रवृत्ति दिनुपर्ने धारणा राखेपछि उक्त विषयमा समेत सहमति जुट्न सकेन । विधेयकको प्रतिवेदनलाई पास गर्नेगरी ५ भदौमा समितिको बैठक बोलाइएको छ ।

यसैबीच शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले निजी विद्यालयले पूर्ण छात्रवृत्तिमा आवास र पोशाक दिने व्यवस्था मूल कानूनमा नराख्न आग्रह गरेका छन् । बैठकमा विद्यालय शिक्षा विधेयकमाथिको छलफलमा सरकारको धारणा प्रश्तुत गर्दै मन्त्री पन्तले यस्तो आग्रह गरे । पूर्ण छात्रवृत्तिको विषय मूल कानूनमा नभइ नियमावलीमा राख्न उचित हुने उनको भनाइ छ । विधेयकबारे नेकपा (एमाले)का सांसद छविलाल विश्वकर्मा नेतृत्वको उपसमितिले तयार पारेको प्रतिवेदनमा पूर्ण छात्रवृत्ति भन्नाले शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शिक्षा सामग्री, पोशाक, यातायात, आवासीय सुविधा (विद्यालयमा उपलब्ध भएमा) लगायत विद्यालयले लिने शुल्क तथा उपलब्ध गराउने सुविधा भनिएको छ ।

मन्त्री पन्तले सामुदायिक गुठी तथा निजी विद्यालयलाई संरक्षण र नियमन गर्ने सरकारको दायित्व भएपनि निजी विद्यालयको घाँटी अँठ्याउनेगरी कानून बनाउन नहुने धारणा राखे । उनले निजी विद्यालयलाई नियमन गर्न सरकार प्रतिवद्ध रहेको समेत मन्त्री पन्तले बताए ।

उनले भने, 'मेरो अहिले पनि आग्रह के छ भने पूर्ण छात्रवृत्तिमा आवासको सुविधा कानूनमा भन्दा नियमावलीमा व्यवस्था गर्दा राम्रो हुन्छ । नियमावलीमा राख्दा भोलिको दिनमा व्यवस्थापन गर्दा राम्रो हुन्छ भन्ने आग्रह गर्न चाहन्छु । कानूनमै राख्दा त्यसको कार्यान्वयन र प्रगतिशील हुनुपर्छ । हाम्रो संविधानले तीन खम्बे अर्थ नीति लिएको छ । हाम्रो कानूनले गुठिमार्फत सञ्चालन भइरहेका, निजी र सामुदायिक विद्यालयको परिकल्पना गरेको छ । तीनै प्रकारका विद्यालयबारे सरकारले आफ्नो भूमिका गर्नुपर्छ । छात्रवृत्तिप्रति सरकार प्रतिबद्ध छ । निजी विद्यालय नियमन गर्न सरकार प्रतिवद्ध भएपनि निजी विद्यालयको घाँटी अठ्याउँने काम गर्नुहुदैन । त्यसकारण पूर्ण छात्रवृत्तिको लागि आवासको सुविधा नियमावलीमा समावेश गर्नेगरी जान आग्रह गर्नुपर्छ ।'

गत २२ साउनमा बसेका समितिको बैठकमा पूर्ण छात्रवृत्तिबाट आवास र पोशाक झिक्नुपर्ने प्रश्ताव राखिएको थियो । तर सदस्यहरूले नमानेपछि प्रश्ताव पारित हुन सकेको थिएन । यही विषयलाई लिएर निजी विद्यालय सञ्चालकहरूले चरणबद्ध आन्दोलन गरिरहेका छन् ।

# 'जनकधाम योजना'बारे प्रधानमन्त्रीसँग छलफल



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीलाई रैथाने गाई संरक्षणका लागि अगाडि बढाइएको 'जनकधाम योजना' बारे जानकारी दिइएको छ ।

आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा जनकधामका संस्थापक वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट कौशलेन्द्र झालगायत उनको टोलीले प्रधानमन्त्री ओलीलाई जनकधामको उद्देश्य, योजना र परिकल्पनाबारे जानकारी दिएका हुन् ।

त्यसक्रममा झाले रैथाने गौआधारित कृषि प्रणाली, रोजगारी सिर्जना, प्राकृतिक जीवनशैली एवं पञ्चगव्य उत्पादनमार्फत मानव स्वास्थ्यमा गर्न सकिने सकारात्मक हस्तक्षेपबारे जनकधामको परिकल्पना गरिएको बताए ।

'स्वास्थ्य, आयुर्वेद, प्राकृतिक कृषि तथा परम्परागत ज्ञानमा आधारित कार्यक्रमहरू सञ्चालन गर्दै राष्ट्र निर्माणको साझेदार बन्ने लक्ष्यसहित हामीले एक महत्वकांक्षी परियोजना प्रारम्भ गरेका छौं । यसका लागि मास्टरप्लानसहित धनुषामा २० बिघा क्षेत्रफलमा परियोजना कार्यान्वयन गरिरहेका छौं', संस्थापक झाले भने, 'यसमार्फत केवल उत्पादनमा सीमित रहने होइन, जीवनशैलीमा परिवर्तन ल्याउने, सोचाइमा देशप्रेमको भावना जागृत गराउने र स्वास्थ्य, कृषि तथा संस्कृतिलाई एकीकृत गर्दै राष्ट्रिय विकासमा योगदान दिने हाम्रो लक्ष्य छ ।'

परियोजनाको मुख्य उद्देश्यमा देशी गाई संरक्षणका लागि नमुना गौशाला स्थापना, प्राकृतिक कृषि, गौआधारित पञ्चगव्य उत्पादन, जैविक मल, बायोग्यास प्लान्ट र प्राकृतिक कीटनाशक उत्पादन केन्द्र स्थापना गर्ने काम भइरहेको जानकारी दिइएको थियो । यस्तै, स्वास्थ्य र सांस्कृतिक पर्यटन केन्द्र, जडीबुटीखेती तथा प्रशोधन, वनस्पति उद्यान, वैकल्पिक चिकित्सा (आयुर्वेद) अस्पताल र प्राकृतिक चिकित्सा केन्द्र, योग, ध्यान र पुस्तकालयमार्फत आरोग्यता र दिगो जीवनशैली प्रवर्द्धनका साथै वैदिक ज्ञान, सामुदायिक विकास र सांस्कृतिक आदानप्रदानलाई प्रोत्साहन गरी देशकै गर्व गर्न लायक नमुना परियोजना विकास गर्ने दीर्घकालीन लक्ष्यसहित काम भइरहेकाबारे प्रधानमन्त्रीलाई जानकारी दिइएको झाले बताए ।

जवाफमा प्रधानमन्त्री ओलीले संस्कार, संस्कृति, आयुर्वेद र आरोग्यका क्षेत्रमा नेपालको आफ्नै वैदिक अभ्यास रहेको र त्यसमा सघाउ पुग्नेगरी मौलिक परियोजना स्थापना भएको जानकारी पाउँदा खुसी लागेको बताए ।

उनले रैथाने गाई संरक्षण र गौआधारित एकीकृत कृषि प्रणालीमार्फत मानव स्वास्थ्य, पञ्चगव्य उत्पादन र रोजगारी सिर्जना हुँदा देशले पनि लाभ लिने विश्वास व्यक्त गरे । 'वास्तवमा धेरै समस्याको निदान हाम्रो वैदिक मान्यतामा छ । हाम्रो धर्मसंस्कारमा गाईको महत्व त छ नै, त्यसको प्रवर्द्धनमार्फत प्रचुर लाभ लिने सकिन्छ । रैथाने गाई संरक्षण, पञ्चगव्य उत्पादन र प्राकृतिक कृषि विकासमार्फत स्वस्थ जीवनशैली र रोजगारी सिर्जनामा योगदान गर्ने तपाईंहरूको योजना मौलिक छ । अब यस्तै नयाँ नयाँ योजनासहित देश विकासमा लाग्नुपर्छ, यो सचेत नागरिकको दायित्व पनि हो । सरकारले यस्ता योजना र सोचलाई प्रोत्साहन गर्छ', प्रधानमन्त्री ओलीले भने ।

छलफलमा सहभागी नेकपा (एमाले) का पोलिटब्युरो सदस्य सुजिता शाक्यले गौआधारित कृषि प्रणाली, प्राकृतिक जीवनदर्शनका माध्यमबाट देश र समाज विकासमा योगदान गर्ने जनकधामको परिकल्पना उत्साहजनक रहेको बताइन् ।

उनले भनिन्,'अव्यवस्थित आहारबिहार, अप्राकृतिक जीवनशैलीका कारण विविध समस्या देखिरहेका छन् । जसले मानसिक र शारीरिक रुपमा स्वास्थ जनशक्ति निर्माण गर्ने राज्यको लक्ष्यमा चुनौती थपिएको छ । विकास बजेट कटौति गरेर अर्बौं रकम स्वास्थ्यउपचारमा खर्चिनुपर्ने बाध्यता छ । यस्तो अवस्थामा गौआधारित एकीकृत जीवनमार्फत रोगव्याधी नियन्त्रण, स्वस्थ जीवन र संस्कारयुक्त जीवनपद्धतिका लागि योगदान गर्ने जनकधामको परिकल्पना राम्रो छ ।'

धनुषाको क्षीरेश्वरनाथ-८ दिगम्बरपुरमा 'जनकधाम' परियोजना सञ्चालन भइरहेको छ । बीस बिघामा फैलिएको उक्त धाममा हाल एक सय १० भन्दा बढी देशी गाईबाच्छा रहेका छन्, जहाँ गाईमा आधारित कृषि, हर्बल खेती, पञ्चगव्यमा आधारित उपचार पद्धतिको विकास भइरहेको छ ।

त्यहाँबाट पञ्चगव्य अर्थात् दुध, दही, घ्यु, गहुँत (गौमुत्र) र गोबर तथा हर्बलको प्रयोग गरेर ७० भन्दा बढी औषधिजन्य उत्पादन भइरहेका छन् । आगामी तीन वर्षभित्र यस्ता उत्पादन एक हजारसम्म पुऱ्याउने लक्ष्य रहेको झाले जानकारी दिए ।

# भारतीय कुखुराको तस्करी बढ्दा नेपाली व्यवसायी मारमा



**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २ भदौ

सिमावर्ती क्षेत्रबाट हुने तस्करी बढेसँगै नेपाली कुखुरा व्यवसायी मारमा परेका छन् । भारतमा उत्पादित कुखुरा अवैध रूपमा नेपाल भित्रिन थालेपछि स्थानीय किसान र व्यवसायीलाई ठूलो समस्या भएको हो । यसै सन्दर्भमा जिल्ला कुखुरा व्यवसायी किसान संघ रौतहटले सोमबार जिल्ला प्रशासन कार्यालय गौरमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै तस्करी रोक्न माग गरेको छ ।

ज्ञापनपत्रमा कुखुराको अवैध पैठारी रोक्न सिमानाकामा कडा निगरानी गर्न, तस्करीमा संलग्न समूहलाई कानूनी दायरामा ल्याउन, स्थानीय कुखुरा पालक किसानको संरक्षणमा विशेष ध्यान दिन, साथै प्रशासन तथा स्थानीय जनप्रतिनिधिसहितको संयुक्त समिति गठन गर्नुपर्ने माग गरिएको छ ।

संघका सचिव राधेश्याम साहले कम मूल्यका भारतीय कुखुरा नेपाली बजारमा खुलेआम बिक्री हुँदा स्थानीय किसान र व्यवसायी मारमा परेको बताए । उनले भने, 'यो केवल व्यवसायिक मात्र नभई मानवीय स्वास्थ्यसँग पनि सम्बन्धित विषय हो । नेपाली किसानहरू घाटामा भइरहेका बेला भारतीय कुखुराले बजार पाउँदा झनै समस्या थपिएको छ ।'

साहले सीमावर्ती प्रहरी युनिटहरू तस्करसँग मिलेमतोमा रहेको आशंका समेत व्यक्त गरे । उनका अनुसार भारतमा कुखुराको मूल्य किलोको करिब १५० रुपैयाँ मात्र पर्नेदेखि नेपाली किसानले प्रतिस्पर्धा गर्नै नसक्ने अवस्था छ ।

### कुखुरा भारतीय, फार्म नेपाली

पछिल्लो समय तस्करहरूले नयाँ तरिका अपनाएको व्यवसायीहरूको दाबी छ । भारतबाट ल्याइएका कुखुरा नेपालका फार्ममा हालेर नेपाली उत्पादन देखाउँदै बिल काट्ने गरिएको छ । संघका अध्यक्ष उमाशंकर साहका अनुसार साँझमा खाली देखिने फार्महरू बिहानै भरिने गरेको छ । उनले प्रहरी मिलेमतोमा खुलेआम तस्करी भइरहेको आरोप पनि लगाए । रौतहट जिल्लाका रामपुरखाप, नरकटिया, मोतिपुर, परोहा, बंकुल, लक्ष्मीपुर, ब्रह्मपुरी लगायतका सीमावर्ती क्षेत्रबाट तस्करी भइरहेको उल्लेख गरिएको छ ।

# आदर्श सौलः माविमा 'विद्यालयमा कुलपति' कार्यक्रम सम्पन्न



**ललितपुर/मस–** ललितपुरको बुंगमतीस्थित आदर्श सौलः युवक माध्यमिक विद्यालयमा नेपाल प्रज्ञा प्रतिष्ठानको 'विद्यालयमा कुलपति' कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथि प्रतिष्ठानका कुलपति भूपाल राईले विद्यार्थी नै साहित्यिक सिर्जनाको प्रारम्भिक आधार भएको बताउँदै कविता, कथा, गीत, नाटक, उपन्यास जस्ता विधामा अहिलेबाटै कलम चलाउन थाले भविष्यमा मुलुकको भाषा, साहित्य र संस्कृतिमा उल्लेखनीय योगदान दिन सक्ने धारणा व्यक्त गरे ।

राईले साहित्यलाई ध्यान जस्तै साधना भएको उल्लेख गर्दै पोएट थेरापी र म्युजिक थेरापीको सन्दर्भसमेत प्रस्तुत गरे । उनले विद्यालयको शैक्षिक गुणस्तर र उल्लेखनीय योगदानको प्रशंसा गर्दै विद्यार्थी, शिक्षक, अभिभावकको ठूलो सहभागिता दुर्लभ रहेको बताए ।

कार्यक्रमका विशिष्ट अतिथि सदस्य-सचिव डा. धनप्रसाद सुवेदीले 'विद्यालयमा कुलपति' अभियानले प्रज्ञा प्रतिष्ठानलाई विद्यालयसँग प्रत्यक्ष जोड्न मद्दत गर्ने बताउँदै पाठ्यपुस्तक लेखक र रचनाकारलाई विद्यार्थीले चिन्नुपर्ने आवश्यकता औंल्याए । त्यसैगरी प्राज्ञसभा सदस्य चेतनाथ धमलाले विद्यालयलाई निरन्तर साहित्यिक तथा सांस्कृतिक क्रियाकलाप सञ्चालन गर्न सुझाव दिँदै कार्यक्रमले विद्यार्थीलाई साहित्य लेखनमा प्रेरित गर्ने विश्वास व्यक्त गरे ।

विद्यालयका प्रधानाध्यापक ज्ञानभक्त महर्जनले कार्यक्रमले विद्यार्थी, शिक्षक र अभिभावकलाई भाषा, साहित्य, संस्कृति र कलातर्फ थप प्रेरित बनाएको बताउँदै आफ्नो कविता 'म' वाचन गरे ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । विद्यार्थीहरूले समेत आफ्ना सिर्जनात्मक कविता प्रस्तुत गरेका थिए । दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत यस विद्यालयलाई स्थानीय समुदायले गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा लिएको बताइएको छ ।


**दाबी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना !**

**प्रकाशित मितिः– २०८२/०५/०३**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था श्री FUTURE MINDS PVT.LTD. (ई.प.नं. १०२८/०६८/६९) ले यस विभाग समक्ष कम्पनीको साबिक नाम "**फ्यूचर माइन्डस् प्रा.लि. (FUTURE MINDS PVT. LTD.)**" बाट परिवर्तन गरि नयाँ नाम "**अलबयान ईन्टरनेशनल प्रा.लि.** (**ALBAYAN INTERNATIONAL PVT.LTD.**)" कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


# स्रोत साझेदारी प्रभावकारी बनाउन कार्यशाला



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २ भदौ

बर्दियाको गेरुवा गाउँपालिकामा स्रोत साझेदारीलाई प्रभावकारी बनाउन सामुदायिक वन उपभोक्ता समूहहरूसहितका स्थानीय समूहहरूको क्षमता अभिवृद्धिका लागि कार्यशालाको आयोजना गरिएको छ ।

गेरुवा गाउँपालिकाको समन्वयमा, प्लान इन्टरनेसनल नेपाल र वि-ग्रुपको साझेदारीमा सञ्चालित विपद् पूर्वतयारी, उत्थानशीलता तथा सवलीकरण (प्रयास) परियोजना अन्तर्गत सो कार्यशाला सम्पन्न भएको हो ।

परियोजना फोकल पर्सन लक्ष्मी प्रसाद शर्माका अनुसार कार्यशालाको उद्देश्य विपद् पूर्वतयारीमा क्षमता विकास गर्नु, समुदायको उत्थानशीलता बढाउनु, स्रोत साझेदारीमा सहभागिता र सहकार्य प्रवर्धन गर्नु, सबलीकरण तथा नेतृत्व विकास गर्नु, योजना निर्माण र संस्थागत दिगोपनामा स्रोत साझेदारीलाई समाहित गर्नु तथा व्यावहारिक अभ्यास र अनुभव आदान-प्रदान गर्नु रहेको थियो ।


**साउदीमा रोजगार**

कम्पनीः **ELITE TOUCH CENTER FOR CAR MAINTENANCE** — शहरः **Dammam**
पूर्व स्वीकृत मितिः २०८२/०४/२९ — चलानी नं.: ६०२४३३६४ — LT. No.: 329247

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaners | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Workshop Worker | 2 | 0 | | 1000 | ३७,२५० | | | | | | | |

कम्पनीः **Bandar Abdulrahman Mohammed Al-Shaqifi Operation and Maintenance Establishment** — शहरः **Dammam**
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ — चलानी नं.: ६०२४३३६३ — LT. No.: 329516

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | स. काममा दक्ष | 1400 | ५२,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**United World Manpower Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com
श्रम इजाजत नं. १२२०/०७४/७५



**साउदीमा रोजगार**

कम्पनीः **NASEEM AL BUHAIRA RESTUTANT FOR CATERING CO** — शहरः **DAMMAM**
पूर्व स्वीकृत मितिः २०८२/०८/१८ — चलानी नं.: ६०२४३३६६ — LT. No.: 329550

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**
श्रम इजाजत न. ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८०३७७४४३६



**कतारमा रोजगार**

कम्पनीः **EXPANSION INTERNATIONAL CONTRACTING W.L.L.** — शहरः **DOHA**
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ — चलानी नं.: ६०२४३३६१ — LT. No.: 329506

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason. | 13 | 0 | | 1100 | ४२,१९६ | | | | | | | |
| 3. | Skilled Building Worker | 3 | 0 | | 1000 | ३८,३६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Mobile : 9851024839 | 9841494792 | 9813990210 | 9813828296
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com



**UAE मा Ex Army र APF लाई Royal Guard मा रोजगारको सुवर्ण अवसर**

कम्पनीः **TERRACOTTA MANPOWER SERVICES - SOLE PROPRIETORSHIP L.L.C. DUBAI BRANCH** — शहरः **DUBAI**
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ — चलानी नं.: ६०२४३३६५ — L.T. No.: 329490

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 200 | 0 | स. काममा दक्ष | 2000 | ७६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**उमेर १८ देखि ४४**, Height min. 164 CM (5.5 ft), Weight – Below 90, Experience min. 10 years

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० देखी १२ गते ( 26-28 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Secure Manpower Recruitment P. Ltd.**
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949,
Mobile : 9802070417, 9802070416, 9802070419 | Email: documentation@smrnepal.com | Website: smrnepal.com



**बागमती प्रदेश सरकार**
**उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर**

**प्रशिक्षकहरुको रोष्टर सूचिमा सूचिकृत हुने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०३**

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ललितपुर जिल्लामा विभिन्न सिपमुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले तालिम मागको आधार मा यस कार्यालयलाई आवश्यक परेको अवस्थामा प्रशिक्षण सेवा लिने प्रयोजनका लागि तालिम सञ्चालन सम्बन्धि कार्यविधि २०८१ को दफा ११ को प्रयोजनको लागि प्रशिक्षकहरुको सूचि तयार गर्नुपर्ने भएको हुँदा ईच्छुक प्रशिक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र आवश्यक कागजात सहित निवेदन यस कार्यालयको इमेल csiolalitpur@gmail.com मा पठाउनुहुन वा कार्यालय समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । आवश्यक कागजात र विस्तृत जानकारीका लागि यस कार्यालयको आधिकारिक वेवसाइट icolalitur.bagamati.gov.np हेर्न हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३ भदौ २०८२ मंगलबार
19 August 2025 Tuesday

## सम्पादकीय

# परीक्षामा प्रधानमन्त्री

प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक रूपमा सुशासनको पक्षमा वकालत गर्दै आएका छन् । तथापि, व्यवहारमा उनको भूमिका त्यसअनुकूलको नरहेको भनेर आलोचना हुने गरेको छ । आलोचकलाई जवाफ दिने एउटा अवसर प्रधानमन्त्रीका सामु पुगेको छ । त्यो हो– संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदन २०८२ । यो प्रतिवेदन सोमबार सभामुख देवराज घिमिरेले कार्यान्वयनका लागि भनेर विभिन्न निकायमा पठाएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पुगेको प्रतिवेदनमा मुख्यसचिव एकनारायण अर्यालको आचरणमाथि नै प्रश्न उठाइएको छ । कुलिङ अफ पिरियडको गडबडीमा मुख्यसचिव अर्यालसँगै कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सचिव उदयराज सापकोटा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव फणिन्द्र गौतमको भूमिका समेत परोक्ष रूपमा देखिएको संसदीय छानबिनले औंल्याएको छ । विधायकले गरेको सहमतिबेगर प्रतिवेदनमा भाषा लेख्नेजस्तो गम्भीर त्रुटिमा संलग्न रहेको आरोप लागेका मुख्यसचिवसहितका सरकारी कर्मचारी पदमै बहाल छन् ।

संघीय संसद्को सबैभन्दा ठूला दल मिलेर बनेको दुई तिहाइ बहुमतको बलियो सरकार छ । यो सरकारले चाहँदा नेपालमा सुशासनको मानक नै स्थापित गर्न सक्छ । किनभने कर्मचारीतन्त्र यति बलियो छ कि दुई तिहाइ बहुमतको सरकारलाई समेत आफू अनुकूल चलाउँछु भनेर संसदीय समितिका निर्णय नमान्ने र सरकारी कर्मचारीका लागि कुलिङ अफ पिरियड लागू हुन नदिन लागि पर्ने सार्वजनिक रूपमै भनिरहेका छन् । व्यवस्थापिकाको कानुन बनाउने संवैधानिक अधिकारलाई चुनौती दिने व्यक्तिसँगै प्रधानमन्त्रीले दैनिकी काम गर्नुपरेको छ । त्यस्तो व्यक्तिबाट निष्पक्ष काम हुन्छ ? यसको जवाफ मुख्यसचिवले भन्दा ज्यादा अब प्रधानमन्त्रीले दिनुपर्छ । किनभने कर्मचारीमाथि कुनै प्रकारको एक्सन लिने भने प्रधानमन्त्रीले नै हो । यसकारण कुलिङ अफ पिरियड प्रकरणमा अब प्रधानमन्त्री परीक्षामा रहेका छन् ।

कुलिङ अफ पिरियड कुनै व्यक्तिका लागि नभएर नयाँ थिति बसाउने प्रयास हो । ३०औं वर्ष सरकारी सेवामा रहेकालाई अवकाशलगत्तै अन्य राजनीतिक, संवैधानिक, कूटनीतिक वा अन्य नियुक्तिमा रोक्ने यो प्रयासका पछाडि सामाजिक संरचना, राज्यको नीतिजस्ता विषय जोडिन्छन् । उमेरले अवकाश पाएको थप जिम्मेवारी लिनका निम्ति होइन । राज्यको सूचना चुहिने विषय यसमा प्रत्यक्ष जोडिन्छ । अब सरकार नै राज्यको नीति बनाएर लागू गर्न सक्दैन भने कसले सक्छ ? यो प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनुपर्छ ।

# सम्बन्धमा कूटनीतिक भाषा

*नेपालजस्ता साना मुलुकका लागि कूटनीतिक भाषाको महत्व झन् गहिरो छ । यदि कूटनीतिक सम्बन्धलाई सन्तुलनमा राख्न सके बहुआयामिक रूपमा फाइदा लिन सकिन्छ...*

अग्रलेख



● ईश्वर बुढाथोकी

विश्वको राजनीतिक र सामाजिक संरचनामा कूटनीति एउटा अत्यन्त संवेदनशील र जटिल क्षेत्र हो । देश र देशबीचको सम्बन्ध, अन्तर्राष्ट्रिय संस्थाहरूको आपसी तालमेल र बहुपक्षीय वार्ताहरूको सफलतामा कूटनीतिक भाषाको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । कूटनीतिक भाषालाई सामान्य सञ्चारको भाषाभन्दा भिन्न मानिन्छ किनभने यसमा प्रयोग हुने शब्द, वाक्य संरचना, अभिव्यक्ति र हावभावले मात्र सम्बन्ध निर्माण गर्दैन, बरु भविष्यका घटनाक्रमलाई समेत निर्णायक ढंगले प्रभाव पार्न सक्छ । कूटनीति भनेको केवल सम्झौता गर्ने वा राजनीतिक लाभ लिने माध्यम मात्र होइन, यो भाव, इसारा र व्यवहारमार्फत आपसी विश्वास कायम गर्ने कला पनि हो । त्यसैले कूटनीतिक भाषाबारे गहन बुझाइ हुनु आजको अन्तर्राष्ट्रिय समाजमा आवश्यक देखिन्छ ।

कूटनीतिक भाषामा शब्दको छनोटदेखि लिएर स्वर, ताल र हावभावसम्म महत्वपूर्ण मानिन्छ । एउटा शब्द गलत तरिकाले प्रयोग भए वा अनावश्यक रूपमा कठोर भाषाशैली अपनाइयो भने सम्बन्धमै संकट आउन सक्छ । उदाहरणका लागि, 'चासो' र 'चिन्ता' भन्ने दुई शब्दलाई लिएर हेर्दा कूटनीतिक भाषामा ठुलो फरक पर्छ । कुनै राष्ट्रको आन्तरिक मामिलाबारे अर्को राष्ट्रले 'चासो छ' भन्यो भने त्यो अपेक्षाकृत सौम्य संकेत मानिन्छ तर 'गहिरो चिन्ता व्यक्त गर्दछौं' भनियो भने त्यसलाई आलोचनाको रूपमा ग्रहण गरिन्छ । यसरी सानो भाषिक भिन्नताले पनि ठुलो मनोवैज्ञानिक प्रभाव पार्छ ।

यस्तैगरी, कूटनीतिक भाषामा प्रत्यक्ष आरोप लगाउने शैलीलाई असभ्य र अस्वीकार्य मानिन्छ । 'तिमीले गल्ती गर्यौ' भन्ने सीधा आरोपले वार्ता तनावपूर्ण बनाउँछ तर 'हाम्रो बुझाइमा केही गलत भएको हुन सक्छ' भन्ने वाक्यले वातावरणलाई सहज बनाउँछ । कूटनीतिमा नरम भाषाले द्वार खोल्छ भने कठोर भाषाले ढोका बन्द गरिदिन्छ भन्ने बुझाइ गहिरो छ । त्यसैले असहमतिका बाबजुद पनि सभ्य र विनम्र अभिव्यक्तिलाई उच्च मूल्य दिइन्छ ।

कूटनीतिक भाषामा हाउभाउको पनि ठुलो भूमिका हुन्छ । नेताहरूबिचमा हात मिलाउने शैली, आँखाको सम्पर्क, शरीरको भंगीमा, समयमै उठ्ने-बस्ने अनि भेटघाटका क्रममा प्रयोग हुने अनुहारको भाव सबैलाई नजिकबाट नियालिन्छ । उदाहरणका लागि, कसैको स्वागत गर्दा मुस्कान दिनु सकारात्मक संकेत हो भने अनुहार कठोर बनाएर बस्नु अस्वीकृतिको संकेत मानिन्छ । वार्तामा बोल्नुपर्ने समयमा मौन बस्नु पनि सन्देश नै हो, जुन कूटनीतिक वृत्तमा ध्यानपूर्वक व्याख्या गरिन्छ ।

अर्कोतर्फ, कूटनीतिक भाषामा 'सावधानी' भन्नाले अत्यन्त महत्व राख्छ । यहाँ खुला रूपमा सबै कुरा भन्नु हुँदैन, बरु संकेत, सम्भावना र शब्दहरूको तहमा अर्थ दिनुपर्छ । प्रायः 'हामी यसबारे विचार गर्दैछौं', 'हामी समयमै प्रतिक्रिया दिनेछौं' वा 'समाधान खोज्ने प्रयास भइरहेको छ'जस्ता वाक्य प्रयोग हुन्छन् । यी वाक्यहरूले प्रत्यक्ष जवाफ नदिए पनि सम्बन्धलाई खराब हुन नदिने किसिमले ढाकछोप गर्ने काम गर्छन् ।

राम्रो कूटनीतिक भाषा भन्नाले सम्मानजनक, सन्तुलित, स्पष्ट तर मितव्ययी अभिव्यक्ति हो । यसले आफ्नो पक्ष प्रस्तुत गर्दा अर्काको गौरवमा चोट पुर्‍याउँदैन । यसले असहमतिको अवस्थालाई पनि संवादतर्फ डोर्‍याउँछ । उदाहरणका लागि, कुनै विवादित मुद्दामा 'हामी दुवै देशले साझा हितलाई प्राथमिकता दिनुपर्छ भन्ने विश्वासमा छौं' भन्नु सकारात्मक मानिन्छ । यसमा असहमति पनि संकेत हुन्छ तर समाधानतर्फ उन्मुख भावनात्मक ऊर्जा पनि हुन्छ ।

नराम्रो कूटनीतिक भाषा भनेको आरोप, धम्की, उपहास वा असभ्य शब्द प्रयोग गर्नु हो । यस्तो भाषाले सम्बन्धमा दरार ल्याउँछ र द्विपक्षीय वा बहुपक्षीय संवादलाई अविश्वसनीय बनाउँछ । उदाहरणका लागि, 'यदि तपाईंहरूले हाम्रो कुरा मान्नु भएन भने हामी सम्बन्ध तोड्छौं' भन्ने चेतावनीलाई सकारात्मक कूटनीति मानिँदैन । बरु 'यदि हाम्रो चिन्ताहरू सम्बोधन भएनन् भने भविष्यमा चुनौती उत्पन्न हुन सक्छ' भन्ने शैलीलाई बढी कूटनीतिक मानिन्छ ।




द्विपक्षीय सम्बन्ध बिगार्ने प्रमुख व्यवहारहरूमा घमण्डपूर्ण बोली, अर्को पक्षलाई सानो देखाउने संकेत, अनुचित समयमा कठोर प्रतिक्रिया दिनु र कूटनीतिक प्रोटोकलको बेवास्ता गर्नु हो । कुनै राष्ट्रको राष्ट्रिय प्रतीक, धर्म वा संवेदनशील विषयमा अनावश्यक टिप्पणी गर्नु कूटनीतिक दृष्टिले ठुलो गल्ती मानिन्छ । त्यस्तै, सहमतिमा पुगेको कुराबाट पछि हट्ने, वा गोप्य वार्ताको कुरा बाहिर ल्याउने व्यवहार पनि विश्वासको संकट निम्त्याउने कारक हुन्छन् ।

कूटनीतिक भाषाले सधैं बहुस्तरीय अर्थ बोकेको हुन्छ । बाह्य रूपमा साधारण देखिने वाक्य वा शब्दले आन्तरिकरूपमा ठुलो संकेत गर्न सक्छ । उदाहरणका लागि, 'हामी सहयोगको अपेक्षा गर्छौं' भन्ने वाक्य केवल अनुरोध मात्र होइन, कहिलेकाहीँ दबाबको संकेत पनि हुन सक्छ । त्यसैले कूटनीतिक वार्ताकारहरूलाई भाषाको तह र छायालाई छुट्याउने दक्षता आवश्यक हुन्छ ।

आजको विश्वमा कूटनीतिक भाषाको आवश्यकता अझै बढेको छ । युद्ध, व्यापार विवाद, पर्यावरणीय संकट, आप्रवासन समस्या, प्रविधि नियन्त्रण र मानवअधिकार जस्ता जटिल विषयमा समाधान खोज्दा भाषाको महत्व अझ बढी देखिन्छ । छोटो, भावनात्मक वा कठोर अभिव्यक्तिले सम्बन्धलाई जटिल बनाउन सक्छ भने धैर्य, विवेक र सूक्ष्मतापूर्ण भाषाले समस्या समाधानतर्फ मार्ग खोल्छ ।

> *कूटनीतिक भाषामा शब्दको छनोटदेखि लिएर स्वर, ताल र हावभावसम्म महत्वपूर्ण मानिन्छ । एउटा शब्द गलत तरिकाले प्रयोग भए वा अनावश्यक रूपमा कठोर भाषाशैली अपनाइयो भने सम्बन्धमै संकट आउन सक्छ...*

कूटनीतिक भाषामा एक अर्को पक्षको संवेदनशीलतालाई बुझेर बोल्न सक्नु नै सफलता हो । यसले केवल तत्कालीन वार्तालाई मात्र सहज बनाउँदैन, दीर्घकालीन सम्बन्धलाई स्थिर र मित्रवत बनाउँछ । यसको अभावमा भने सम्बन्ध कमजोर हुन्छ, आपसी विश्वास हराउँछ र सानो विवाद पनि ठुलो संकटमा परिणत हुन सक्छ ।

नेपालजस्ता साना मुलुकका लागि कूटनीतिक भाषाको महत्व झन् गहिरो छ । यदि कूटनीतिक सम्बन्धलाई सन्तुलनमा राख्न सके बहुआयामिकरूपमा फाइदा लिन सकिन्छ । यदि नेपालले दक्षिणी छिमेकी देश भारत र उत्तरी छिमेकी देश चीनसँग सन्तुलनको सम्बन्ध राख्न सकेमा आफ्नो बृहत्तर हित सुरक्षित गर्न सक्छ । नेपालले कुटनीतिक रूपबाटै आफ्ना स्वार्थलाई सुरक्षित गर्दै देशको विकास गर्न सक्छ । बाह्य सम्बन्ध मात्रै होइन, आन्तरिक विषयलाई पनि सन्तुलन कायम राख्न सक्छ । नेपालको सन्दर्भमा कूटनीतिक विषयले बहुआयामिक महत्व राख्छ ।

यसरी कूटनीतिक भाषा केवल शब्दहरूको खेल होइन, यो रणनीति, कला र अन्तर्राष्ट्रिय सम्बन्धको मेरुदण्ड हो । कूटनीतिमा भाव र हरकतलाई सूक्ष्म दृष्टिले नियाल्ने, कस्तो भाषा राम्रो मानिन्छ र कस्तो हानिकारक ठहर्छ भन्ने बुझाइले मात्र मुलुकको हैसियत सुरक्षित रहन्छ । सम्मान, धैर्य, विवेक र सूक्ष्मताको साथ प्रयोग गरिने कूटनीतिक भाषाले मित्रता र सहयोगको मार्ग खोल्छ भने असभ्यता, घमण्ड र हतारको भाषाले द्विपक्षीय सम्बन्धलाई नोक्सान पुर्‍याउँछ । त्यसैले कूटनीतिक भाषालाई शुद्ध, सभ्य र संतुलित बनाउन सक्नु नै अन्तर्राष्ट्रिय समाजमा दिगो प्रतिष्ठाको आधार हो ।

## इतिहासमा आज

१९ अगस्ट २००५ मा रुस र चीनबिचमा पहिलो संयुक्त सैन्य अभ्यास सुरु भएको थियो । जसलाई शान्ति मिसन २००५ भनिन्छ ।



१९ अगस्ट २००९ मा इराकको बगदादमा भएको आत्मघाती बम विस्फोटमा १०१ जनाको मृत्यु र ५६५ जना घाइते भए ।



१९ अगस्ट १९९९ मा युगोस्लाभियाको बेलग्रेडमा, युगोस्लाभियाका संघीय गणतन्त्रका राष्ट्रपति स्लोबोदान मिलोसेभिचको राजीनामा माग गर्न १०औं हजार सर्बियालीहरूले जुलुस निकालेका थिए । जसलाई युगोस्लाभियामा नयाँ विद्रोह भनिन्छ ।




१९ अगस्ट २००३ मा इराकमा रहेको संयुक्त राष्ट्र संघको मुख्यालयमा भएको ट्रक-बम आक्रमणमा एजेन्सीका शीर्ष राजदूत सर्जियो भिएरा डे मेलो र २१ अन्य कर्मचारीहरूको मृत्यु भएको थियो ।



# काठमाडौंको कला, संस्कृति र सम्पदा

विचार



● नरेन्द्रमान श्रेष्ठ

> *संस्कृति हाम्रो सुन्दरता हो, संस्कृति हाम्रो पहिचान हो र सम्पदा हाम्रो बहुमूल्य गहना हो । तर दुःखको कुरा, यसको महत्व हामीभन्दा विदेशीले बढी बुझेका छन् भन्दा पनि फरक नपर्ला । आज हामी हाम्रै कला, संस्कृति र सांस्कृतिक सम्पदालाई न संरक्षण गर्न सकेका छौं, न त लाभ लिन सकेका छौं...*

नेपालको कला, संस्कृति र सांस्कृतिक सम्पदा विश्वमै चर्चित छ । नेपालको र नेपालीको पहिचान भनेकै देशको प्राकृतिक स्रोत, प्राकृतिक सौन्दर्य, जात्रा-पर्व र सांस्कृतिक सम्पदा नै हुन् । नेपालका कतिपय सम्पदा विश्व सम्पदा सूचीमा सूचीकृत पनि छन् । नेपाललाई जलस्रोतको धनी देश र कृषि प्रधान देश भनेर चिनिन्छ । यद्यपि, विगतमा कृषि प्रधान भनिँदै आएको भए पनि आजको अवस्थामा नेपाल आयातमुखी कृषि प्रणालीमा निर्भर भइरहेको देखिन्छ । तर जस्तोसुकै परिवर्तन आए पनि नेपालको मौलिक पहिचान भनेको यहाँको कला, संस्कृति र सम्पदामा नै निहित छ भन्नेमा दुईमत छैन ।

संस्कृति हाम्रो सुन्दरता हो, संस्कृति हाम्रो पहिचान हो र सम्पदा हाम्रो बहुमूल्य गहना हो । तर दुःखको कुरा, यसको महत्व हामीभन्दा विदेशीले बढी बुझेका छन् भन्दा पनि फरक नपर्ला । यही कारणले नेपालका सांस्कृतिक सम्पदाले विदेशीलाई आकर्षित गरिरहेको छ । लाखौं विदेशी पर्यटकहरू हरेक वर्ष नेपाल भ्रमणमा आउँछन् र यहाँको प्राकृतिक सौन्दर्य, कला, संस्कृति र सम्पदाबाट मोहित हुने गर्छन् । नेपालको सम्पदा नै हाम्रो गौरव हो भन्नेमा कुनै संकोच छैन । यस्ता सम्पदाहरूको संरक्षण, संवर्धन र प्रचार-प्रसार आजको आवश्यकता बनेको छ ।

एकातिर विदेशी पर्यटकहरू नेपाली कला र सांस्कृतिक सम्पदामा रमाइरहेका छन् भने अर्कोतिर हाम्रै युवा पुस्ता भने त्यसतर्फ आकर्षित नभएको देखिन्छ । आजका युवाहरू विदेशी, विशेषगरी पश्चिमी संस्कृतिको पछि लागिरहेका छन् । पछिल्लो समय देशका अधिकांश क्षेत्रमा पश्चिमी संस्कृति प्रभाव जमाउँदै गएको छ । यसको असर हाम्रा मौलिकता, वेशभूषा, भाषा, नृत्य, जात्रा, पर्व, मेलापात, रीतिरिवाज, गीत-संगीत, भजन, मन्दिर, चैत्य, गुम्बा र ढुंगेधारा आदि सबैमा परेको छ ।

यदि यिनको संरक्षणप्रति हामी गम्भीर भएनौं भने निकट भविष्यमा यी सम्पदाहरू विस्थापित हुने खतरा छ । कतिपय सरोकारवालाहरूले यसप्रति चिन्ता व्यक्त गरिसकेका छन् । यस्तो देखिन्छ कि हामीले आफ्ना युवाहरूलाई हाम्रो सम्पदा र संस्कृतिको महत्व बुझाउन सकेका छैनौं । अर्कोतर्फ, देशका स्रोत र सम्पदाको उचित व्यवस्थापन गर्न पनि सरोकारवालाहरू असफल देखिन्छन् ।

देशको कला, संस्कृति र सम्पदाबाट नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सकिन्छ भन्ने चेतना युवापुस्तामा विकास गर्नु आजको आवश्यकतामध्ये एक हो । यदि हाम्रा युवाहरू सम्पदा संरक्षणप्रति सचेत भएनन् भने कतिपय बाह्य शक्ति वा आप्रवासीहरूले यिनको अतिक्रमण गर्ने खतरा अझै बढ्न सक्छ ।

२०७२ सालको विनाशकारी भूकम्पले काठमाडौं उपत्यकाका थुप्रै सम्पदालाई गम्भीर क्षति पुर्‍यायो । तर एक दशक बितिसक्दा पनि ती सम्पदाको पुनर्निर्माण पूरा हुन सकेको छैन । आज पनि थुप्रै सम्पदा जीर्ण अवस्थामा छन् । यदि यसमा गम्भीर ध्यान दिइएन भने यिनलाई विश्व सम्पदा सूचीबाट हटाउने अवस्था आउन सक्छ । यो अत्यन्तै गम्भीर विषय हो तर सम्बन्धित निकायहरूले यसलाई गम्भीरतापूर्वक नलिएको जस्तो देखिन्छ ।

आज मुलुक नै भ्यु टावरको सहर बन्ने दौडमा लागिरहेको छ । टोलटोलमा रहेका ऐतिहासिक मठ-मन्दिर, गुम्बा, चैत्यहरूलाई संरक्षण र संवर्धन गर्ने सट्टा, ठुलाठुला भवन, सभा-सम्मेलनका हलहरू, स्टेडियम निर्माणतर्फ प्राथमिकता दिइएको देखिन्छ । काठमाडौंलाई हेरिटेज सिटी बनाउने सोचभन्दा स्मार्ट सिटी बनाउने होडबाजी चलिरहेको छ ।

कला, संस्कृति र सम्पदाले भरिपूर्ण काठमाडौं उपत्यकाले नेपाललाई विश्वमा छुट्टै पहिचान दिलाएको छ । यिनको संरक्षण, संवर्धन र प्रचारप्रसार गर्नु सबैको कर्तव्य हो । यद्यपि, काठमाडौंका केही महानगर र सम्पदा संरक्षण अभियन्ता यस दिशामा लागिपरेका छन् भन्ने कुरालाई पनि बेवास्ता गर्न मिल्दैन । अन्त्यमा, नेपालको पहिचान नै यहाँको मौलिक कला, संस्कृति र सम्पदा हो । यसको संरक्षणमा सरकार, स्थानीय निकाय, नागरिक समाज र सम्पूर्ण नेपालीले साझा प्रयास गर्न आवश्यक छ ।

## सामाजिक सञ्जाल



विश्वरसिंह मेवाहाङ

पुराना दलहरूसँग आमभुइँमान्छेका भरोसा र आसा टुट्दै गएको छ । आमचुनाव आउन दुई वर्ष बाँकी छ । यसबीचमा अझ धेरै भरोसा टुट्ने सम्भावना पनि छ । नयाँ दलले चुनावमा भाग लिनै नपाउने कानुन बनाइयो भने केही होला । नत्र पुराना दललाई दाँतमा गुच्चा जत्रो ढुंगा लाग्नेछ । बेलैमा होस् पुर्‍याएको राम्रो ।



प्रेमबहादुर चलाउने

अभियुक्तलाई सदस्यता दिएको विषय मिडियामा आएपछि पब्लिकको आँखामा छारो हाल्न कांग्रेसले एक दिनमै त्यो सदस्यता खारेज गरेछ । तर पार्टीको आडमा अपराध कर्म गर्ने अरूको हकमा यो जबाफदेहिता किन देखिएन ? त्रिविमा खटिएका पेसेवर अपराधीको संरक्षणमा त कांग्रेस अहिलेसम्म पनि लागिरहेकै छ ।



मदन खरेल

देशको प्रधानमन्त्री जस्तो व्यक्तिसँग भेटघाटमा छिमेकी देशका एक कर्मचारीको अमर्यादित व्यवहार आखिर किन ? यो हाम्रै लम्पसारवादी चरित्र र प्रवृत्तिको परिणाम हैन र ? आफू र आफ्ना प्रवृत्ति नबदलिएसम्म सदैव हामी सबैको शिर ढल्ने तस्बिर देखिरहन विवश बनेका छौं हामी ।



ध्रुवहरि अधिकारी

स्कुले छात्र-छात्रामा फोनको दुर्व्यसन बढ्दो छ । जुन सर्वत्र चुनौती भइरहेको छ । यसको हल खोज्न सरकारी, निजी दुवैतर्फको प्रयत्न आवश्यक छ । जुन नेपालको मात्रै समस्या नभएर विश्वभरको समस्या हो । यसमा सबैले सजगता अपनाउन आवश्यक छ ।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रु सहायता कक्ष



**काठमाडौं/मस**–त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन कक्षमा निर्मित 'यात्रु सहायता कक्ष'को उद्घाटन गरिएको छ ।

सोमबार जिल्ला होटल व्यवसायी संघले आयोजना गरेको एक कार्यक्रमका बीच संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेसहित संघीय संसद्का सभासद नगेन्द्र कुमाल, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका महाप्रबन्धक हंशराज पाण्डेले संयुक्त रूपमा सहायता कक्षको उद्घाटन गरेका हुन् ।

कार्यक्रममा बोल्दै मन्त्री पाण्डेले विमानस्थलबाट आउने विदेशी र स्वदेशी यात्रुहरूका लागि सहायत कक्षले महत्वपूर्ण भूमिका खेल्नसक्ने बताए । उनले भने, 'हामीले यात्रुहरूलाई भित्र्याउने र एक पटक आएका यात्रुलाई पटकपटक आउने वातावरण बनाउने, नेपाली यात्रुहरू विदेशबाट आउँदा राम्रो इम्प्रेसन दिने, नेपालमा राम्रो हुँदै गएको रहेछ भन्ने सन्देश सुरुमा विमानस्थलले दिने भएकाले यसको महत्व ठुलो छ ।' उनले विमानस्थलका कर्मचारीमा विभिन्न अन्तर्राष्ट्रिय भाषाको ज्ञान भए विदेशी यात्रुलाई अझ सहज हुनेमा जोड दिँदै भने, 'विदेशीहरूसँग बोल्ने भाषामा कति सहजता दिन सकिन्छ वा आफू कति जानकार हुन सकिन्छ, होटल, यातायातलगातका कुराहरू कसरी बुझाउन सकिन्छ त्यसका लागि यहाँ बसेको व्यक्तिले बताउन सक्नुपर्‍यो ।'

कार्यक्रममा प्राधिकरणका महाप्रबन्धक पाण्डेले पिपिपी मोडेलको नमुना भएको आगमन क्षेत्रमा निजी क्षेत्रको सहयोगमा सहायत कक्ष बन्नु उदाहरणीय रहेको बताए । यस्तै होटल व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष शेरु थापाले विमानस्थलमा सहायता कक्षका लागि धेरै पहिलेबाट पटकपटक सरकारी निकायसँग पहल गरेको स्मरण गर्दै यसले पूर्णता पाएकोमा खुसी व्यक्त गरे ।

जिल्ला होटल व्यवसायी संघका अध्यक्ष सुरेश बरालले नेपालको व्यवसाय र पर्यटन क्षेत्रलाई थप सबल बनाउन होटलहरू २४सै घण्टा खोल्नसक्ने वातारण मिलाउन सरकारसँग माग गरे । उनले विमानस्थलको अवस्था प्रत्यक्ष रुपमा अन्तर्राष्ट्रिय बजारसँग जोडिने भएकाले पर्यटनमा पर्ने असरलाई न्यूनीकरण गर्ने हेतुले संघले सहायता कक्ष निर्माण गरेको उल्लेख गरे ।

कार्यकममा मन्त्री पाण्डेले यात्रु सहायता कक्ष सञ्चालक समिति संयोजक तथा इकाइ अध्यक्षहरूलाई सञ्चालनको सम्पूर्ण अख्तियारी सहित सहायता कक्षको साँचो हस्तान्तरणसमेत गरेका थिए ।

# जनउद्धार केन्द्र मलेसियाद्वारा तिज विशेष सांगीतिक कार्यक्रम सम्पन्न



**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, २ भदौ

जनउद्धार केन्द्र मलेसियाले पेनाङस्थित सनसाइन स्क्वाएरमा हरितालिका तिज विशेष सांगीतिक कार्यक्रम सम्पन्न गरेको छ ।

नेपाली संस्कृति र मौलिक चाडपर्वलाई प्रवर्धन गर्ने उद्देश्यसहित हरेक वर्षझैं यसपटक पनि भव्यताका साथ कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा मलेसियास्थित नेपाली दूतावासकी प्रतिनिधि यशोदा अधिकारी, एकता अवस्थी, निर्मला केडी आचार्य, गैरआवासीय नेपाली संघ मलेसियाका अध्यक्ष राकेशप्रसाद महतोसहित विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । विशेषगरी महिलाहरूको उल्लेखनीय उपस्थिति रहेको कार्यक्रममा शुभकामना आदानप्रदान, दर खाने तथा सांगीतिक प्रस्तुति गरिएको थियो । जनउद्धार केन्द्रका अध्यक्ष केसु थापाले कार्यक्रममा दिदीबहिनीहरूको उत्साहपूर्ण सहभागिताले तिज पर्वको महत्व अझ प्रस्टिएको बताए ।

**कुवेतमा विषाक्त मदिरा सेवन प्रकरण**

# एनआरएनए साउदीद्वारा मृतकहरूप्रति श्रद्धाञ्जली व्यक्त

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी, २ भदौ

गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् साउदी अरबले कुवेतमा विषाक्त मदिरा सेवनका कारण ज्यान गुमाएका नेपाली श्रमिकप्रति श्रद्धाञ्जली अर्पण गरेको छ । संघले शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । संघले विज्ञप्ति जारी गर्दै विदेशमा रहेका नेपालीलाई स्थानीय कानुनको पूर्ण पालना गर्न आग्रह गरेको छ । विशेषगरी साउदी अरबमा कार्यरत नेपालीलाई कानुनविपरीत गतिविधिबाट टाढा रहन सचेत गराइएको छ । यस्ता गैरकानुनी कार्यहरूले व्यक्तिगत सुरक्षासँगै सम्पूर्ण नेपाली समुदायको छविमा नकारात्मक असर पार्ने भएकाले सबैले जिम्मेवार भएर आचरण गर्न आवश्यक रहेको एनआरएनए साउदीले उल्लेख गरेको छ ।

NRNA NCC-KSA Non-Resident Nepali Association

## काठमाण्डौं महानगरपालिका

**३२ नं. वडा कार्यालय, कोटेश्वर, काठमाण्डौं**

**ठेगाना थाहा नभएको दिनेश बोगटी (सम्पर्क नं. ९७६३५७२०८७) को नाममा सटर खाली गर्ने सम्बन्धमा जारी भएको १५(पन्ध्र) दिने सूचना ।**

**प्रकाशित मितिः–२०८२/०५/०३**

यस वडाको जडिबुटी पुष्पान्जली मार्ग स्थित टिका प्रसाद बोलखेको नाममा रहेको घरमा तपाईले भाडामा लिई प्रयोग गर्नुभएको पहिलो तल्लाको एक सटर दुई वर्ष देखि भाडामा बस्दै आएको तथा आठ महिना अघिदेखिको भाडा नतिरी सटर बन्द गरी हालसम्म पनि सम्पर्कमा नआनुभएकोले उक्त सटर खाली गराई पाउँ भनी निवेदन दिनुभएको हुँदा यस कार्यलयबाट तपाई बहालमा बसेको घर/दैलोमा मिति २०८२/०३/३२ मा ३ दिने र मिति २०८२/०४/०८ मा ७ (सात) दिने सूचना टाँस गर्दा समेत उपस्थित नहुनुभएकोले तपाईले भाडामा लिनुभएको उक्त सटर खाली गर्नुनपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिखित जवाफ सहित उपस्थित हुन आउनुहोला । अन्यथा काठमाण्डौं महानगरपालिका घरबहाल निर्देशिका २०७९ को २७ (६) बमोजिम यस कार्यलयबाट खाली गरिने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## बागमती प्रदेश सरकार

**उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर**

**प्रविधि हस्तान्तरण प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः–२०८२/०५/०३**

यस उद्योग तथा वाणिज्य कार्यालय ललितपुरको आ.व २०२२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उद्यमीको ५० प्रतिसत लगानी साझेदारीमा लघु घरेलु तथा साना उद्योगको प्रवर्द्धनको लागि प्रविधि हस्तान्तरण एवम् मोटरसाईकल वर्कशपका लागि प्रविधि हस्तान्तरण बागमती गाउँपालिका ७ गिम्दीका उद्योगहरुलाई प्रविधि हस्तान्तरण प्रस्ताव आव्हान गरिएको जानकारी गराइन्छ । यस सूचना सम्बन्धि विस्तृत विवरण कार्यालयको वेबसाईट icolalitpur.bagamati.gov.np तथा कार्यालयको फेसबुक पेज ***उद्योग तथा वाणिज्य कार्यालय ललितपुर***मा गइ हेर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य प्रकाशनको सूचना

यस फर्म/कम्पनीले China बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं | मालवस्तुको विवरण | ब्राण्ड | मोडल | ब्याट्री क्षमता | सिट/क्षमता | वर्ष | प्रति ईकाई | अधिकतम खुद्रा मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrics Passenger Van | DFSK | DXK6450EC8BEV | 42 KWH | 11 seats | 2024 | 1 | 45,95,000/- |
| 2 | Electrics Passenger Van | DFSK | DANFEEC36 | 42 KWH | 11 seats | 2025 | 1 | 45,95,000/- |

विक्रेता फर्मको नाम : एन ई भि नेपाल प्रा. लि — स्थायी लेखा नम्बर : ६०९५८५८१६
ठेगाना : नागपोखरी, नक्साल, काठमाडौं — फोन : ०१-४४२९०५१/५२ — EXIM CODE:6095858160133NP


## OMAN मा रोजगार

कम्पनी : AL BANDAR PROJECTS AND BUSINESS LLC — शहर: MUSCAT
पूर्व स्वीकृत मितिः २०८२/०५/०१ — चलानी नं.: ६०२४३३०६ — LT. No.:329495

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Packing And Packaging | 15 | 0 | स. काममा दक्ष | 100 | ३६,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**VASTU MANAGEMENT SERVICE PVT.LTD.**
श्रम इजाजत नं. ९२६/०६७/०६८
Balkumari-09, Lalitpur, Nepal, Tel. : 01- 5200902/306/213, Mob.:9808772723/9815589009
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

## युएईमा रोजगार

कम्पनी: SALAMA STYLE LADIES SALON — शहर: UAE,ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०५/०१ — चलानी नं.: ६०२४३३३२ — LT. No.:329498

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser/Hair Stylist | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | MANICURIST/NAIL TECHNICIAN | 0 | 1 | | 1500 | ५७,०९० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9860049528, 9808840910, 9860924657, 9851068774, 9851035867. E-mail : info@skymanpower.com.np Web.www.skymanpower.com.np

## साउदीमा रोजगार

कम्पनी : MUNIRA SALEH MOHAMMED AL-OTAIBI FAST FOOD RESTAURAN — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ — चलानी नं.: ६०२४३३४९ — LT. No.: 329530

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
Mobile: 9847275969, 9801232406

## QATAR मा रोजगार

Gulf Warehousing Company
पूर्व स्वीकृती मितिः २०८२/५/२ — चलानी नं.: ६०२४३३५८ — LT No.: 329302

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 50 | काममा दक्ष | 1750 | ६७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| २. | Labour | 50 | | 1000 | ३८,३००।- | | | | | | |
| ३. | Warehouse Storekeeper | 18 | | 1900 | ७२,७७०।- | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९५/- कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | रु. ७,००/- कामदार आफैंले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ भाद्र १० गते (26 Aug., 2025) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ ।**

**DIANA OVERSEAS — डायना ओभरसिज प्रा. लि.**
श्रम ईजाजत पत्र नं :४०८/०६०/०६१
बालकुमारी, ललितपुर, फोनः ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

## कुवेतमा रोजगार

कम्पनी: ZUE FOR PET SUPPLIES CO — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ — चलानी नं.: ६०२४३३५३ — L.T. No.: 329531

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 21 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४५,७६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | veterinary (gen.) | 21 | 0 | | 170 | ७७,८०३ | | | | | | |

**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
लाजिम्पाट- २, गैरीधारा, काठमाडौं, नेपाल, श्रम इजाजत नं. : ६२७/०६३/०६४
Tel No: 01-4004535, 4004532, 400552, Kathmandu: 9851137102, 9851357667, 9851193714 & 9803741162 , Jhapa: 9818498886 & 9852681088, Chitwan: 9844614269 , Pokhara: 9846185832

## साउदीमा रोजगार

कम्पनी: GOLDEN HUT RESTAURENT — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ — चलानी नं.: ६०२४३३४६ — L.T. No.: 329508

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FAST FOOD MAKER | 1 | 0 | स. काममा दक्ष | 1600 | ५९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**AL JAZEERA OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1343/074/075
Samakhusi, Kathmandu, Nepal, Tel: 4970605,4952379, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np

## कुवेतमा रोजगार

कम्पनी : IMAGINE SPA MEN'S HEALTH INSTITUTE COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०६/१३ — चलानी नं.: ६०२२५९७६ — LT. No.:311494 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MASSAGER | 3 | 0 | स. काममा दक्ष | 150 | ६८,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**New S.V. International Pvt. Ltd.** Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: 01- 5913575, 9704338375 | E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np

## युएईमा रोजगार

कम्पनी :E S GLOBAL MANPOWER LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/१९ — चलानी नं.: ६०२३९००१ — LT. No.:324976 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assist. Welder | 52 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Freight Handler | 11 | 0 | | 1200 | ४५,६७२ | | | | | | |
| 3. | Road Maintenance Labor | 14 | 0 | | 1000 | ३८,०६० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**मादी ओभरसिज सर्भिसेस प्रा. लि.**
श्रम ईजाजत पत्र नं. २०१/०५७/०५८
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ०१-५१८११३८, ५१८००३९
फ्याक्सः ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

## युएईमा रोजगार

कम्पनी: M C C ON DEMAND LABORS SUPPLY LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः२०८२/०४/२६ — चलानी नं.:६०२४२८२७ — LT. No.: 328574

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Helper | 10 | 0 | | 1000 | ३८०६० | | | | | | |
| 3. | Mason | 20 | 0 | | 1200 | ४५६७२ | | | | | | |
| 4. | Plumber Assistant | 20 | 0 | | 1000 | ३८०६० | | | | | | |
| 5. | Plumber | 20 | 0 | | 1200 | ४५६७२ | | | | | | |
| 6. | Steel Fixer | 20 | 0 | | 1200 | ४५६७२ | | | | | | |
| 7. | Tile Layer | 10 | 0 | | 1200 | ४५६७२ | | | | | | |
| 8. | Tile Maker Mason | 10 | 0 | | 1200 | ४५६७२ | | | | | | |

कम्पनी: POWER RECRUITMENT LLC — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८१/०२/१४ — चलानी नं.: ६०२२०१५२ — LT. No.: 305193 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Block Mason | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Construction Laborer | 100 | 0 | | 1200 | ४५६७२ | | | | | | |
| 3. | Plaster Mason | 100 | 0 | | 1200 | ४५६७२ | | | | | | |
| 4. | Shuttering Carpenter | 100 | 0 | | 1200 | ४५६७२ | | | | | | |
| 5. | Steel Fixer | 100 | 0 | | 1200 | ४५६७२ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**आशा ईन्टरनेशनल प्रा. लि.**
कान्तिमार्ग, महाराजगंज, काठमाडौं, पो.ब.नं. २४७५२ । फ्याक्स : ०१-४४३६२८५
फोन : ०१-४५४१३६१, ०१-४५४३९६७, ९८५१०६२२२६
License No.: 243/058/059

## कुवेतमा रोजगार

कम्पनी : NOOR ALSABAH COMPANY FOR HOME DELIVERY FOR CONSUMER GOODS — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ — चलानी नं.: ६०२४३३५४ — LT. No.: 329522

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 35 | 0 | स. काममा दक्ष | 140 | ६४,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565

## युएईमा रोजगार

कम्पनी: DANF CONTRACTING LLC — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०५/०१ — चलानी नं.: ६०२४३३०८ — LT. No.: 329463

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Reinforce Fitter Assistant | 28 | 0 | | 1200 | ४५,६७२ | | | | | | |
| 3. | Security Guard | 6 | 0 | | 1600 | ६०,८९६ | | | | | | |
| 4. | Store Keepers | 2 | 0 | | 1500 | ५७,०९० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १५ गते (31 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Concept Placement Resource Pvt. Ltd.** Gov. Lic. No. 1636/080/081
Basundhara 5, Kathmandu Nepal.Contact: 977 15918247, 9801186314.
9856065197, 9815184464, 9802368314, Email:inquiry@cpr.com.np, Website:www.cpr.com.np

## युएईमा रोजगार

कम्पनी : WEST SKY MOON FACILITIES MANAGEMENT SERVICES L.L.C. — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०१/३० — चलानी नं.: ६०२३७६५४ — LT. No.: 323618 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steward | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,०६० | क.नि. अनुसार | ११ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cleaner General | 19 | 0 | | 1000 | ३८,०६० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १० गते (26 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**SUNRISE H.R. SOLUTION PVT. LTD.** Gov. Lic No. 1216/074/075
Sinamangal, Kathmandu, Nepal, Tel: +977-01-5919928, Mob.: 9702300654, 9861799175, 9803231342, Email: sunrisehrsolution2074@gmail.com., Web.www.sunrise.com.np

## युएईमा रोजगार

कम्पनी: SELECTIVE MANPOWER SERVICES L.L.C. — शहर: UAE,DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०४/३० — चलानी नं.: ६०२४३२७५ — LT. No.: 329428

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 100 | 0 | स. काममा दक्ष | 1000 | ३८,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १०,११,१२ गते (26,27,28 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Broadway Overseas Employment Service Pvt. Ltd.** Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9748463004,9817838138, 9765050187, 9868942665

## कुवेतमा रोजगार

कम्पनी: ANMA GROUP FOR BUILDING FINISHING — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१०/२३ — चलानी नं.: ६०२३२४४६ — LT. No.:318232 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter (Furniture) | 1 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ६१,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Electrician (General) | 2 | 0 | | 135 | ६१,७८५ | | | | | | |
| 3. | Driver | 2 | 0 | | 150 | ६८,६५० | | | | | | |
| 4. | Carpenter (Door And Window) | 8 | 0 | | 135 | ६१,७८५ | | | | | | |

